# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**6th DECEMBER 2014**


| वर्ष- ३२ | अङ्क- ८ | योमरी पुन्हि | मंसीर २०७१ |
|---|---|---|---|





त्यहाँ सम्म धर्मधर बनिन्न, जहाँसम्म कुरा मात्र गर्ने बानी हुन्छ । थोरै मात्रामा धर्मको कुरा सुनेपनि सोही अनुसार धर्मानुकुल आचरण गरी धर्ममा प्रमाद नहुने् व्यक्तिलाई धर्मधर भनिन्छ ।

ब्राह्मणीको कोखबाट जन्मदैमा उनलाई ब्राह्मण भन्न मिल्दैन । जुन व्यक्तिसंग राग, द्वेष र मोह रूपी दूषित भावनाहरू रहन्छ । उसलाई केवल भो भनेर सम्बोधन गर्न लायक व्यक्ति भनिन्छ । राग, द्वेष र मोह रहित व्यक्तिलाई मात्र मैले ब्राह्मण भन्नेछु ।

अरूलाई दु:ख दिई आफ्नो सुखको इच्छा गर्ने, वैरीको बन्धनले बाँधिएको व्यक्तिको वैरभाव कहिले पनि समाप्त हुँदैन ।

आफूले गर्नुपर्ने कर्त्तव्य पुरा नगरी गर्न नहुने कार्य गरी अभिमानी, अहंकारी बन्ने व्यक्तिको आश्रव बढ्ने गर्छ ।


*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५८
नेपाल सम्बत् ११३४
इस्वी सम्बत् २०१४
बिक्रम सम्बत् २०७१

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |



Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# शुद्ध र अशुद्ध बन्ने आ–आफ्नै हातमा

सिद्धार्थ कुमारले वैशाख पूर्णिमाको दिन बोधिज्ञान प्राप्त गर्नुभई बुद्ध हुनुभयो । अर्को शब्दमा भन्ने हो भने उहाँ शुद्ध, पवित्र एवं मुक्त व्यक्ति हुनुभयो । त्यसपछि उहाँले आफूले प्राप्त गर्नु भएको धर्म ज्ञान अरूलाई पनि बुझाउने विचार गर्नुहुँदा संसारका धेरैजसो मानिसहरूको मन दूषित रहेको कारणले उनीहरूले यस गम्भिर ज्ञानलाई बुझ्न कठिन हुने देख्नुभयो ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

**"किच्छेन मे अधिगतं हलं दानि पकासितुं**
**पटिसोतगामिं निपुणं गम्भीरं दुद्दसं अणुं**
**रागरत्ता न दक्खन्ति तपो खन्धन आवुसति**

– *(महावग्ग)*

अर्थात्– (भावार्थ) "मैले अति दुःख कष्ट भोगेर प्राप्त गरेको चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग जस्तो गम्भिर ज्ञानलाई राग, द्वेष र मोह जस्ता दूषित चित्तले दूषित भएका मानिसहरूले बुझ्न कठिन हुनेछ । उनीहरूले मुक्ति (निर्वाण) मार्गलाई बुझ्न त्यति सजिलो हुने छैन । त्यसैले तिनीहरूको लागि मैले यस ज्ञान विषयमा प्रचार नगर्दा नै ठीक हुनेछ ।"

फेरि अर्को मनले उहाँले विचार गर्नुभयो–

"मैले राजदरवार त्यागेर ज्ञानको खोजमा लाग्नुको मुख्य उद्देश्य नै अज्ञानीहरूलाई बोध गर्नको लागि हो ।

संसारका सबै मानिसहरू मूर्ख नै हुन्छन् भन्ने त छैन । ज्ञान बुझ्ने क्षमता भएका मानिसहरू पनि त हुन सक्छन् नि । म संगसंगै तपस्या गरेका कपिलवस्तुका ५ जना ब्राह्मणहरूसंग पुण्य संस्कार लुकिराखेका छन् । उनीहरूलाई नै यस गम्भिर ज्ञान बताउँदा राम्रो हुनेछ । यस ज्ञानलाई सुनी उनीहरूको मनमा लुकिराखेका पुण्य संस्कारको मूल फुट्नेछ र उनीहरू बोध हुनेछन् ।

यति सोची भगवान् बुद्ध ती पाँच जना पञ्चभद्रवर्गी ब्राह्मणहरू रहेको स्थान सारनाथ पुग्नुभई आफूले प्राप्त गरेको चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग विषयमा उपदेश दिनुभयो । बुद्धको उपदेश सुनी ती ५ जना ब्राह्मणहरू बोध भए । अर्थात् शुद्ध र मुक्त व्यक्ति बने । त्यसपछि वाराणशीका धनाढ्य व्यक्ति यश कुमार र अन्य पचासजना युवाहरू बुद्धको सम्पर्कमा आएर उपदेश सुनी बोध भए । उनीहरू सबै बुद्ध शिष्य बने । यसरी भिक्षु संघ खडा भयो । शुरू शुरूमा भिक्षुहरूलाई विशेष केही नियम बनाइएको थिएन । अर्को शब्दमा भन्ने हो भने उनीहरू शिक्षित, अनुशासित र इमान्दार भएको कारणले कुनै पनि विशेष नियमको परिधि भित्र उनीहरूलाई बाँधन आवश्यक परेको थिएन । त्यस समयमा भगवान् बुद्धले भिक्षु संघलाई चरित्रवान्, र असल मानिस बनी ब्रह्मचर्य नियम पालन गर्ने शिक्षा मात्र दिनु भएको थियो ।

विनय पिटक अध्ययन गरेर हेर्दा भिक्षु संघ खडा भइसकेपछि २० वर्ष सम्म त भिक्षुहरूको चरित्र राम्रै थियो । उनीहरू शीलवान् र अनुशासित थिए । तर विस्तारै भिक्षुसंघलाई लाभ सत्कार बढ्दै गएको कारणले उक्त संघभित्र लोभ चित्त बलवान् भएका मानिसहरूले प्रवेश गर्न थाले । फलस्वरूप लोभी र स्वार्थी भिक्षुहरूको संख्या बढ्न थाले । उनीहरूको खराव आचरण सुधार्नको लागि विभिन्न नियमहरू बनाउन बाध्य भयो ।

यी व्यक्तिहरूको बानी व्यवहारलाई दृष्टिगत गर्नुहुँदै भिक्षु सारीपुत्रले भगवान् बुद्ध समक्ष गई यसरी प्रार्थना गर्नुभयो–

भो शास्ता ! भिक्षुहरू अनुशासनहीन हुँदै गएको देखिन्छ । त्यसैले उनीहरूलाई तह लगाउनको लागि नियमहरू बनाउन पर्ने देखिन्छ । उनको यस कुरा सुनी भगवान बुद्धले भन्नुभयो–

"सारीपुत्र ! जसरी शरीरको कुनै पनि भागमा घाऊ हुनुया खटेरा आउनु अगाडि नै त्यहाँ औषधी लगाउन मिल्दैन, त्यसरी नै कुनै पनि अप्रिय घटना हुनु अगाडि नै उक्त दुर्घटनाको लागि अन्दाजको भरमा नियमहरू लाड्न मिल्दैन ।"

त्यसैले होला विनय पिटक अध्ययन गर्दा सबै नियमहरू कुनै न कुनै घटना घटेको कारणले मात्र बनाइएको देखिन्छ । त्यस समयमा कतिपय भिक्षुहरू अनुशासनहीन र अट्टेरी स्वभावका देखिन्थे ।

मज्झिम निकायको भद्दालि सूत्र अनुसार तथागत



Downloaded from http://www.dhamma.digital

बुद्धले भिक्षुहरूलाई ओवाद दिन छोड्नु भएको समयमा भिक्षुहरूले भगवान् बुद्धलाई यसको कारण सोधेको अवस्थामा भगवान् बुद्धले यसरी उत्तर दिनु भएको थियो–

"पहिला पहिलाका मानिसहरू श्रद्धा चित्तले भिक्षु बनेको कारणले उनीहरू स्वभावैले अनुशासित छन्। तर अहिलेका मानिसहरूमा धर्मप्रति शुद्ध श्रद्धा नभएको कारणले आफूभन्दा ठूलावडालाई आदर र सम्मान राख्ने बानी लोप हुँदै गएको देखिन्छ। नैतिकता विलाएर गएको देखिन्छ । ती अट्टेरी स्वभावका मानिसहरूलाई ओवाद दिन उचित नदेखिएको कारणले ओवाद नदिएको हुँ ।

भिक्षुहरूले फेरि प्रश्न गरे–

"भन्ते ! पहिला पहिला नियमहरू धेरै थिएनन् । तैपनि अरहन्त (मुक्त एवं शुद्ध) व्यक्तिहरू धेरै थिए। तर अहिले नियमहरू भने धेरै छन् तर अरहन्त व्यक्तिहरू कम मात्र देखिन्छन् । किन होला ?

यसको उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ–

"अहिले धर्म आचरण गर्ने मानिसहरू कम भएको कारणले नियम बढाउनु परेको हो । त्यति मात्र होइन भिक्षुहरूको संख्या वृद्धि हुँदै गएको, लाभ सत्कारमा वृद्धि भएको र ज्ञानी बन्नुको बदला विद्वान वन्ने प्रवृत्तिका व्यक्तिहरूको संख्यात्मक वृद्धि हुँदै गएकोले गलती गर्ने व्यक्तिहरूको संख्यामा पनि वृद्धि हुँदैछ । यही प्रमुख कारणले गर्दा अरहन्त हुने व्यक्तिको कमी भएको हो ।" (भद्दालि सुत्त म.नि.)

मानिसहरूमा उत्पन्न भएका यी सबै कमी कमजोरी एवं गलतीहरूलाई दृष्टिगत गर्नुहुँदै भगवान् बुद्धले भन्नुभयो–

**"अञ्ञाहि लाभू पनिसा अञ्ञा निब्बाण गामिनो"**
अर्थात्,

लाभ सत्कारको बाटो अर्कै छ भने
निर्वाण (मुक्ति) को बाटो अर्कै छ।

**"सुद्धि असुद्धि पच्चत्तं, नाञ्ञ मञ्ञो विसोधये" ।**

अर्थात् शुद्ध एवं पवित्र ज्ञानी बन्ने र अशुद्ध अपवित्र एवं मूर्ख कार्य हामी आफै भरपर्दछ । कसैले कसैलाई शुद्ध पार्न सक्दैन ।

# धम्मपद–२८२

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**गम्भीरपञ्ञं मेधाविं - मग्गामग्गस्स कोविदं**
**उत्तमत्थं अनुप्पत्तं - तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– गम्भीर प्रज्ञा भएका मेधावी, सुमार्ग र कुमार्ग राम्ररी बुझेका उत्तम अर्थ (=निर्वाण) प्राप्त गरी सकेका व्यक्तिहरूलाई नै म ब्राह्मण भन्दछु ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले गृद्धकूट पर्वतमा बस्नु भएको बेला खेमां भिक्षुणीको कारणमा भन्नुभएको थियो ।

एकदिन रात्रीको प्रथम याम बितेपछि शक्र देवराज इन्द्र परिषदहरू सँग भगवान बुद्धकहाँ आएर सारगर्भित धर्मकथा सुनेर बसेका थिए ।

त्यही समयमा खेमा भिक्षुणी तथागतको दर्शन गर्छु भनी आकाशमार्गबाट आएकी थिइन्। तथागतको अगाडि इन्द्र आफ्ना परिषद्सँगै बसीरहेको देखी आकाशबाटै तथागतलाई नमस्कार गरेर फर्किन् ।

इन्द्रले उनीलाई देखेर पछि बुद्धसँग सोधे– "भो शास्ता उनी को भिक्षुणी हुन् जसले आकाशबाटै तथागतलाई वन्दना गरेर फर्किन् ।"

बुद्धले भन्नुभयो– "भो महाराज ! यिनी मेरी पुत्री 'खेमा' नामकी भिक्षुणी हुन् । उनी महान प्रज्ञा भएकी, मार्ग-अमार्ग जानेकी विद्वान नारी हुन् ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *२०७१ कार्तिक – मंसीर* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| कार्तिक १४ गते, शुक्रवार, अष्टमी | सुवण्णवती | वीर्यवती |
| कार्तिक २० गते, बिहिवार, सकिमना पुन्हि | वण्णवती | धम्मवती |
| कार्तिक २९ गते, शनिवार, अष्टमी | त्यागवती | मेत्तावती |
| मंसीर १ गते, सोमवार | अमता | चमेली |
| मंसीर ६ गते, शनिवार | शुभवती | इन्दावती |



Downloaded from http://www.dhamma.digital

# अग्र उपस्थापक आनन्द तथा भगवान् बुद्धको जीवनको अन्तिम समय-२

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

**तथागतको अन्तिम वाणी :**

तब भगवान्ले आयुष्मान् आनन्दलाई भन्नुभयो, "आनन्द ! सायद तिमीलाई लाग्छ होला मेरो शास्ता जानुभयो । यस्तो विचार मनमा कहिल्यै नल्याउनु । मैले जुन धर्म विनय उपदेश दिएको छु, त्यही नै म पछि तिम्रो शास्ता हुनेछ ।"

भगवान्ले भविष्यका लागि केही निर्देश दिनुभयो, "आनन्द । आजकल भिक्षुहरू एक अर्कालाई "आवुस" भनेर सम्बोधन गरिन्छ । म नभए पछि यस्तो नगर्नु । केवल पुरानो भिक्षुले नयाँ भिक्षुलाई "आवुस" अथवा नामले सम्बोधन गर्नु । नयाँ भिक्षुले पुरानो भिक्षुलाई "भन्ते" अथवा "आयुष्मान" भनेर सम्बोधन गर्नु । इच्छा भएमा संघका साना-तिना नियमहरूलाई छोड्न सक्छौ ।"

तब भगवानले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो– "भिक्षुहरू ! बुद्ध, धर्म र संघ अथवा प्रतिवादको सम्बन्धमा यदि कसैलाई केही सोध्नु छ भने अहिले नै सोध्नु र आफ्नो शंकाको निवारण गर्नु । पछि पछुताउनु पर्ला कि शास्ता अगाडि हुँदा सोध्न पाएन ।"

सबै भिक्षुहरू शास्ताका कुरा सुनेर मौन थिए, भगवानले दोस्रो, तेस्रो पटक पनि आफ्नो वक्तब्य दोहोऱ्याउनु भयो, सबै जना मौन नै थिए । भगवानले फेरि भन्नुभयो, "यदि तिमीहरू सोध्न लाज मान्छौ भने आफ्नो साथीलाई सोध्न लगाए पनि हुन्छ, आफ्नो शंकाको निवारण गर्नु ।" तब पनि सबैजना शान्त नै रहे ।

आयुष्मान आनन्दले तब भगवान्लाई भन्नुभयो– "आश्चर्य छ भन्ते ! अद्‌भुत छ भन्ते ! म यस भिक्षु संघ प्रति अत्यन्त प्रसन्न छु, यहाँ एकजना भिक्षुलाई पनि बुद्ध, धर्म, संघ र यस मार्ग प्रति कुनै शंका सन्देह छैन ।"

"आनन्द ! तिमी त श्रद्धापूर्वक यो भन्दैछौ, तर मलाई त प्रत्यक्ष रुपले थाहा छ कि यस भिक्षु संघमा एकजना भिक्षुलाई पनि बुद्ध, धर्म संघ र यस मार्ग प्रति कुनै शङ्का सन्देह छैन । यहाँका पाँचसय भिक्षु तथा जो भरखरै प्रव्रज्या प्राप्त गरेको भिक्षु छ उसलाई पनि दुर्गतिमा जानु नपर्ने मार्ग स्रोतापन्न प्राप्त भएको छ ।"

तब भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नु हुँदै भन्नुभयो–

**"हन्द दानि, भिक्खवे आमन्तयामि वो,**
**वयधम्मा सङ्खारा, अप्पमादेन सम्पादेथ ।"**

भिक्षुहरू, म तिमीहरूलाई सम्बोधन गर्दछु । सारा संस्कार व्ययधर्मा हुन् । जति पनि संस्कृत भएका अर्थात् निर्माण गरिएका छन् ती सबै नष्ट हुनेछन् । प्रमाद-रहित भएर यस सत्यलाई आत्मसाथ गर्नु, यसलाई स्वअनुभवमा उतार्नु ।

**अयं तथागतस्स पच्छिमा वाचा ।**
**यही तथागतको अन्तिम वाणी हो ।**

**परिनिर्वृत्ति कथा :**

तथागतले केही क्षणपछि नै पहिलोदेखि नवौं ध्यान समापत्तिसम्म साक्षात्कार गर्नुभयो र इन्द्रियातीत निर्वाणिक अवस्थामा रहनुभयो । यस अवस्थामा श्वास विलकुल बन्द भयो, मानिसहरूले भगवान महापरिनिर्वाण भएको ठाने । तब आयुष्मान् आनन्दले आयुष्मान् अनुरुद्धसित सोध्नुभयो,

"भन्ते अनुरुद्ध ! के भगवान् परिनिर्वृत्त हुनुभयो ?"

"होइन आयुष्मान् आनन्द ! भगवान परिनिर्वृत्त हुनुभएको छैन ।"

केही क्षणपछि नवौं ध्यानको इन्द्रियातीत निर्वाणिक अवस्थाबाट निस्केर भगवानले एकपटक फेरि पहिलो ध्यानबाट चौथो ध्यान-समापत्तिसम्म पुग्नुभयो र यसै अवस्थामा महापरिनिर्वाण प्राप्त गर्नुभयो ।

यो बैशाख पूर्णिमाको रातमा अनगिन्ती जन्मदेखि भव-संसरण गर्दै आएको उहाँको अन्तिम जन्म पूरा भयो । भौतिक शरीर जीवन शून्य भयो ।

जो अवीतराग भिक्षुहरू थिए, उनीहरू शोक व्यक्त गर्दै रुन थाले, जो वीतराग भिक्षुहरू थिए उनीहरू स्मृति र सम्प्रज्ञान सहित "सबै निर्मित वस्तुहरू अनित्य छन्, विनाश हुन्छन्" भनेर थाहापाई रहेका थिए ।

भिक्षुहरूलाई सम्झाउँदै आयुष्मान् अनुरुद्धले भन्नुभयो, "आवुसो ! शोक नगर्नु, विलाप नगर्नु । भगवान्ले यही सिकाउनु भएको थियो कि सबै प्रियहरूदेखि अलग



Downloaded from http://www.dhamma.digital

हुनु निश्चित छ। उनीहरूसंग सँधै संगै कहाँ बस्न पाउँछ र ? जति उत्पन्न भएका छन्, निर्माण भएका छन्, ती एकदिन अवश्य नष्ट हुन्छन्। यसरी विलाप नगर्नु।"

उज्यालो नहोउञ्जेल आयुष्मान् अनुरुद्ध र आयुष्मान आनन्दले धर्म-छलफल गरेर बिताए। उज्यालो भएपछि भगवान् परिनिर्वृत्त भएको समाचार मल्लवासीहरूसम्म पुऱ्याए। यस्तो समाचार सुन्ने वित्तिकै कुसीनाराका मल्ल वासीहरू, आफ्नो परिवारका सदस्यहरू सहित दुःखी हुँदै रुन थाले, भुईंमा लडि-बुडि गर्दै क्रन्दन गर्नथाले।

**तथागतको पार्थिव शरीर**

आयुष्मान आनन्दलाई भगवानको पार्थिव शरीरलाई कसरी विसर्जन गर्ने भन्ने बारे मार्गदर्शन दिनुभएको थियो। अतः कुसीनगरका मल्ल शासकहरूले भगवान्को निष्प्राण शरीरलाई नयाँ धुनेको कपास र नयाँ कपडामा बेरेर तेल भरेको द्रोणीमा राखे। परन्तु चितामा राख्न पाएन, कारण भगवान तथागतका प्रमुख शिष्य महास्थविर महाकस्सप अन्य अनेक भिक्षुहरू सहित कुसीनारा तर्फ आइरहेका थिए। अतः यसका लागि एक हप्तासम्म कुर्नु पर्ने भयो। भिक्षु महाकस्सप पुगे पछि मात्रै दाह-क्रिया गरे। मल्लहरूले भगवानको अस्थि अवशेष सबै जम्मा गरेर स्तूप बनाउने निर्णय गर्दै आफ्नो अधिकारमा लिए।

परन्तु मगधका शासक अजातसत्रु, बैशालीका लिच्छवी, कपिलवस्तुका शाक्य, अल्लकप्पका बुलिय, रामग्रामका कोलिय, वेठदीपका ब्राह्मण र पावाका मल्लहरूले पनि भगवानको अस्थि पाउनुपर्ने प्रस्ताव राखे। आ-आफ्नो अडान कसैले छोडेनन्, सबै शक्ति सम्पन्न राज्यहरू थिए। अतः तथागतका श्रद्धालु शिष्य ब्राह्मण द्रोणले सबैलाई सम्झाई बुझाई सम्पूर्ण अस्थिलाई आठ भागमा बाँडेर सबैलाई सन्तुष्ट गरे। सबैले आ-आफ्नो भाग लगेर आफ्नो राज्यमा विशाल स्तूप बनाई पूजा-अर्चना गर्ने निर्णय गरे। ब्राह्मण द्रोणले अस्थि राखेको भाँडो आफूलाई लिए। यो विभाजन सक्किए पछि पिप्पलीवनका मौर्यहरू पनि अस्थिमाथि आफ्नो अधिकार जताउन त्यहाँ आइपुगे। तर भागवन्डा भइसकेको थियो। केवल खरानी र गोल बाँकी थियो। उनीहरूले त्यही खरानी र गोल राखेर नै स्तूप बनाउने निर्णय गरे, यसैमा उनीहरू सन्तुष्ट रहे।

**आयुष्मान् आनन्दको ब्यथा**

भगवानको परिनिर्वृत्त हुनु पूर्व आयुष्मान आनन्द जसरी भगवानसँगै जान्थे त्यसरी नै परिनिर्वाण पछि पनि भगवानको पात्र-चीवर लिएर श्रावस्ती फर्किनु भयो। बाटो मा अनेकौं भिक्षुहरू उहाँको पछि लागे। जहाँ-जहाँ उहाँ जानुहुन्थ्यो मानिसहरू विलाप गर्दै कुरा गर्थे। श्रावस्ती पुग्दा त्यहाँका निवासीहरू माला, गन्ध, धूप, दीप आदि लिएर उहाँको स्वागत गर्न आए। स्वागत पछि सबैले रुँदै भने, "भन्ते आनन्द ! पहिला तपाईं भगवानसँगै आउनु हुन्थ्यो। आज भगवानलाई कहाँ छोडेर आउनुभयो ?" यस्तो भाव-विभोर हुने कुराले सबै झन रुन्थे। मानौं त्यहाँ भरखरै भगवानको महापरिनिर्वाण भएको थियो।

आयुष्मान् आनन्दले परिवर्तनशीलता, अनित्यता, भंगुरताको अनेक धर्मकथाहरू सुनाएर सम्झाएपछि मात्र उनी जेतवनमा प्रवेश गरे। भगवान् जुन कुटीमा बस्नु हुन्थ्यो त्यसलाई वन्दना गरेर ढोका खोले। चारपाई बाहिर निकालेर धूलो झारे, सफा गरे। कुटीमा सँधै झैं बढारे। ओइलाएका फूलमाला हटाए। फेरि चारपाई भित्र लगेर ठाउँमा राखे, भगवान हुँदा जुन-जुन काम गर्नुपर्ने हो ती सबै गरे। सँधै झैं भगवानको कुटीलाई वन्दना गरेर भन्थे, "भन्ते ! अब भगवानको स्नानको समय भयो", "भन्ते ! अब देशनाको समय भयो" "भन्ते ! अब भिक्षुहरूलाई उपदेश दिने समय भयो" "भन्ते ! अब सिंहशैय्यामा विश्राम गर्ने समय भयो" "भन्ते ! अब मुख धुने समय भयो।" यसरी भन्दै आफू एक्लै बसेर रुन्थे। समूहमा त अरूलाई सम्झाउँथे तर एक्लै बस्दा भने आफू रुन्थे।

उनको यस्तो हालत देखेर एकजना देवताले प्रकट भएर उनलाई सम्झाउँदै भने– "भन्ते आनन्द ! यदि तपाईं यसरी रुन्दै रहनुभयो भने अरुलाई कसरी सान्त्वना दिने ? कसरी सान्त्वना दिने ? भन्ते ! तपाईं आफ्ना उत्तर दायित्वलाई सम्झिनुहोस्।"

देवताले यसरी सम्झाए पछि उनमा पनि धर्म संवेग जाग्यो, आफ्नो कर्तब्य बोध भयो।

**भगवान् पछिका मार्गदर्शक**

एक समय आयुष्मान आनन्द भगवानको परिनिर्वाण पछि राजगृहको वेलुवन स्थित कलन्दक निवापमा रहिरहनु भएको थियो। एकदिन आयुष्मान आनन्द भिक्षाटन पूर्व गोपकमोग्गल्लायन ब्राह्मणलाई भेट्न गए। त्यहाँ ब्राह्मणले



Downloaded from http://www.dhamma.digital

उचित स्वागत सत्कार गरेर आयुष्मान आनन्दलाई उच्च आसनमा बसाए, आफू तल्लो आसनमा बसे ।

ब्राह्मण गोपकले आयुष्मान आनन्दसंग सोधे, "भन्ते आनन्द ! के तपाईंहरू मध्ये कोही भिक्षु सम्यक– सम्बुद्ध गौतममा निहीत गुणहरूबाट पूर्ण हुनुहुन्छ ?"

छैन ब्राह्मण ! हामी मध्ये सम्यक सम्बुद्ध गौतममा रहेको गुणयुक्त भएका कोही पनि छैन। ब्राह्मण ! भगवान लुप्त भइसकेको मार्गको खोजकर्ता हुनुहुन्छ, सम्पूर्ण कुरा जानेको हुनुहुन्छ, सबैकुरा देख्न सक्ने हुनुहुन्छ, सबै ब्याख्या गर्नसक्ने हुनुहुन्छ, मार्गका ज्ञाता हुनुहुन्छ। बाँकी शिष्यहरू त मार्गमा पछि लागेका मात्र हुन् ।"

ब्राह्मणले फेरि सोधे– "के उहाँ जाननहार, देखनहार भगवान गौतमले कोही एकजना भिक्षुलाई आफ्नो उत्तराधिकारी छानेका छन्, जसले तपाईंहरूलाई शरण दिनसकोस् मार्ग देखाउन सकोस् ?"

"छैन ब्राह्मण ! उहाँ भगवान सम्यक सम्बुद्ध गौतमले कोही पनि ब्यक्तिलाई आफ्नो उत्तराधिकारी छानेका छैनन् ।"

"आनन्द ! के तपाईंहरू मध्ये त्यस्तो कोही भिक्षु छ जो संघद्वारा सर्व सम्मतिले चुनेर उत्तराधिकारी स्थापित गरेको थियो कि यो ब्यक्ति भगवान पछि हाम्रो प्रतिशरण हुनेछ ?"

"छैन, ब्राह्मण ! त्यस्तो कोही पनि छैन ।"

"आनन्द ! भिक्षुहरूको कोही मार्गदर्शक (लिडर) नभएपछि संघको एकता कसरी हुन्छ ?"

यस विषयमा आयुष्मान् आनन्दले सम्झाउँदै भन्नुभयो– "ब्राह्मण ! उहाँ भगवान् सम्यक सम्बुद्धले भिक्षुहरूका लागि शिक्षापदहरू दिनुभएको छ । प्रत्येक उपोसथका समय एउटा ग्राममा रहने भिक्षुहरू एकत्र रहेर ती नियमहरू पारायण गर्दछन् । त्यस अवधिमा जो-जो भिक्षुले विनय-नियम उलंघन गरेका छन् उसले स्वीकार गर्दछन् र भविष्यमा यस्तो अकुशल फेरि नगर्ने दृढ संकल्प गर्दछन् । यी सबै काम धर्मले नै गर्दछ ।"

"आनन्द ! के यस समय तपाईंहरू मध्ये आदरणीय, वन्दनीय, गौरवयुक्त, पूजनीय त्यस्तो ब्यक्ति कोही छ जसलाई आदर, सत्कार, गुरुकार गर्न सकियोस् ।"

आयुष्मान् आनन्दले गोपकमोग्गलान ब्राह्मणको शंकालाई समाधान गर्दै भने, "ब्राह्मण ! उहाँ भगवान सम्यक-सम्बुद्धले दश प्रसादनीय धर्मलाई देशना गर्नु भएको छ । जो ब्यक्ति यी दश धर्म गुणहरूबाट युक्त हुन्छन् ती ब्यक्ति सबैद्वारा संस्कृत, गौरवपूर्ण र मानित हुन पुग्छ । उसैको सत्कार गरेर, उसैको गौरव गरेर, उसैको आश्रयमा हामी विहार गर्छौं ।

ती दश धर्महरू धारण गर्ने भिक्षु यस्तो हुन्छन्–

- अखण्ड शीललाई पालन गरेर भिक्षु विनय (प्रातिमोक्ष) मा संयमित हुन्छन् ।
- मंगलकारी धर्म जुन आदिमा कल्याणकारी, मध्यमा कल्याणकारी र वर्तमानमा कल्याणकारी छ त्यस धर्ममा बहुश्रुत, श्रुतधर र श्रुतसंचयी हुन्छन् ।
- भोजन, वस्त्र, शयनासन आदिमा अल्पेच्छ र सन्तोषी हुन्छ ।
- यसै शरीरमा सुखपूर्वक चौथो ध्यानसम्म विहार गर्दछ ।
- बुहविध ऋद्धि जसले एकबाट अनेक हुनसक्ने अनुभव गरेको हुन्छ ।
- दिब्य श्रोतको अनुभव गरेको हुन्छ ।
- अर्को ब्यक्तिको चित्त र चित्तधर्महरूलाई आफ्नो चित्तले थाहापाउँदछ ।
- अनेक पूर्वजन्मको घटना आदिका बारेमा जानेको हुन्छ ।
- प्राणीहरूको पूर्व जन्मको सत्कर्म, दुष्कर्मका बारेमा जानेको हुन्छ ।
- आस्रव क्षय विद्याको अनुभव गरि मलरहित चित्तले विहार गर्दछ ।

"ब्राह्मण ! उहाँ भगवान् अर्हत सम्यक सम्बुद्धले यी दश प्रसादनीय धर्मदेशना दिनुभएको छ। जो ब्यक्तिमा यी दश धर्म गुण युक्त हुन्छ हामीद्वारा उहाँलाई गौरवपूर्वक मान्दछौं, सत्कार गर्दछौं र हामी उहाँको आश्रयमा विहार गर्दछौं ।"

*(साभार: 'विपश्यना' वर्ष-३१, अङ्क-५, २०७१)*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ बोधिज्ञान लाभको छैंठौं सप्ताहमा ठूलो आँधी बेहरी चलेको बेलामा नागराजाले बुद्धको शिरमाथि फणाले ओढाइदिएको थियो ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–९

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

बुद्धले हाम्रो आफ्नो प्रज्ञाको विकास गर्न र उपयोग गर्न प्रेरित गर्नुभएको छ। उहाँले हाम्रो आफ्नो मुक्तिको बाटो देखाउनु भएको छ। हामी शील ग्रहण गर्छौं त बुद्धको आज्ञा पालन गर्नका लागि होइन। बल्कि इच्छापूर्वक हामी आफैंले ग्रहण गरेका हौं। बुद्ध यसरी उपदेश दिनु हुन्छः "तिमीहरू मेरो शिक्षालाई ध्यानपूर्वक सुन, मनन गर र त्यसलाई राम्ररी विचार गर। यदि आफूलाई सुहाउँदो छ भने स्वीकार गर र अभ्यास गर। त्यसका परिणामहरू तिमी आफ्नै अनुभवबाट थाहा पाउने छौ।" राम्ररी नबुझीकन र विश्वास बिना आँखा चिम्ली उपदेश वा शिक्षा पालन गर्नुमा कुनै महत्त्व छैन। यद्यपि हामीले आफ्नो अन्तर्मनले चाहेको जे पनि गर्न सक्छौं भनी बुद्धले दिनुभएको स्वतन्त्रताको अनुचित फाइदा भने लिनु हुन्न। धार्मिक जीवन जिउनु सभ्य, सुसंस्कृत र समझदार बन्नु हाम्रो कर्त्तव्य हो। यदि यी कुरा हामीलाई थाहा छ भने, आज्ञा वा उपदेश महत्वपूर्ण रहँदैन। एक प्रज्ञावान गुरूले जस्तै बुद्धले हामीलाई जबर्दस्तिरूपमा कुनै "आदेश" नथोपरीकन, सजायँको डर नदेखाइकन शुद्ध जीवन जिउने उपाय बताउनु भएको छ।

## तिमी आफै गर

**आत्मविश्वासले मानव जीवनको प्रत्येक पक्षमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ।**

वाह्य शक्ति, भक्ति अथवा शास्त्रोक्त विधिले आफूलाई बचाउन सक्दैनन् भन्ने जानेकाले नै बौद्धहरू आफ्नै प्रयत्न वा कोशिसमा भर पर्नुपर्ने आवश्यकताको महसूस गर्दछन्। उसले आफ्नै भरोसामा दृढ-विश्वास आर्जन गर्दछ। उसको आफ्नो वर्तमान जीवन र भावी जीवनको सम्पूर्ण जिम्मेवारी ऊ आफू एक्लैमा निर्भर भएको कुरा महसूस गर्दछ। दुःखबाट मुक्त हुन हरेक व्यक्ति आफैले प्रयत्न गर्नुपर्दछ। मोक्ष प्राप्तिलाई रोग उपचार कार्यसँग तुलना गर्न सकिन्छः कोही व्यक्ति बिरामी भएमा डाक्टरकहाँ जानुपर्छ। डाक्टरले रोगको कारण पत्ता लगाउँछ र आवश्यक औषधि लेखिदिन्छ। उक्त औषधि रोगी स्वयंले खानु पर्दछ। उसकोलागि कसैले औषधि खाइदिएर हुँदैन। औषधिप्रति विश्वास गर्दैमा वा राम्रो औषधि लेखिदिएकोमा डाक्टरको प्रशंसा गर्दैमा कोही पनि रोगबाट निको हुँदैनन्।

रोगबाट निको हुनको लागि ऊ आफैले डाक्टरको निर्देशन विश्वासपूर्वक पालन गरी ठीक ढंगबाट, अविरलरूपमा औषधि खाँदै जानुपर्छ, खानेकुरा र अरू चिकित्सा सम्बन्धि पथपहरेजलाई अपनाउनु पर्दछ। यसै अनुरूप, कुनैपनि व्यक्तिले मुक्तिको लागि औषधि बताउनु हुने बुद्धको शील, उपदेश वा निर्देशनलाई लोभ,द्वेष र मोहको नियन्त्रण वा दमन गरी पालन गर्नुपर्दछ। बुद्धको गुणगान मात्र गर्दैमा वा बुद्धको पूजा-अर्चनामात्र गर्दैमा कसैले पनि मुक्ति पाउन सक्दैनन्। न त बुद्धको सम्मानमा स्मरणमा ठूला उत्सव मनाएरै मुक्त होइन्छ। तसर्थ, बुद्धधर्म भनेको केवल प्रार्थना गरेर दुःखबाट बचाउन वरदानमात्र मागेर (दुःखबाट) मुक्त होइने धर्म होइन। मोक्ष प्राप्तिको लागि उनीहरूले आफ्ना स्वार्थी आकांक्षा तथा दुर्भावनाहरूलाई दमन गरेर कठीन प्रयत्न गर्नै पर्छ।

## मानिस नै जिम्मेवार छन्

**जब मानिस अरूलाई कुनै बाधा नपर्ने गरी सच्चा मानव भई बाँच्न सिक्छन् तब ऊ आफ्नो मनभित्र भयरहित भई शान्तपूर्वक बाँच्न सक्ने हुन्छ।**

बुद्धका अनुसार मानिस आफ्नो भाग्य आफै बनाउँछन्। आफ्नो जीवनको लागि ऊ आफू नै मात्र जिम्मेवार छ, कसैमाथि पनि दोष लाउने ठाउँ छैन। आफ्नो जीवनलाई असल वा खराब ऊ आफै बनाउँछ।

बुद्ध भन्नुहुन्छ- सबैकुरा मानिस आफैले श्रृजना गर्छ। हाम्रा जतिपनि शोक, भय र दुर्भाग्य छन्, ती सबै हाम्रा आफ्नै उपज हुन्। ती सबै हाम्रा आफ्नै दोषपूर्ण (अशुद्ध) हृदय र मनबाट निस्किएका हुन्, अरू कहिंबाट होइनन्। अतीतका लोभ र मोहको वशमा परी गरिएका असल वा खराब कार्यहरूको परिणाम स्वरूप नै आज हामी बनेका छौं। असल र खराब सबै हामी आफैले बनाएका हुनाले, खराबलाई दमन गरी असल (कुशल) स्वभावको वृद्धि गर्नु पनि हाम्रै वशमा छ।

मानव हृदय, कुनै जनावरको जस्तै कहिलेकाहिं पशु प्रवृत्तिको भइदिन्छ। तर मानव हृदयलाई पशु हृदयभन्दा उच्च तहमा पुग्ने गरी तालिम गर्न सकिन्छ। सुसंस्कृत नभएको मान्छेको मनले अत्यन्तै समस्याहरू खडा गरिदिन्छ। कहिले काहिं त मानव



Downloaded from http://www.dhamma.digital

आचरण पशु आचरणभन्दा खतरनाक र हानीकारक पनि भइदिन्छ। जनावरहरूका लागि धार्मिक समस्या, भाषिक समस्या, राजनैतिक समस्या, सामाजिक र नैतिक समस्या, रंगभेद समस्याहरू छैनन्। तिनीहरू आहार, मैथुन र बासको लागिमात्र झगडा गर्छन्। तर मानिसहरूले श्रृजना गरेका समस्याहरू हजारौं छन्। तिनीहरूको स्वभाव यस्तो भइसक्यो कि कुनै समस्या समाधानको लागि अरू नै समस्या खडा नगरीकन सक्दै-सक्दैनन्। मानिस उसको कमजोरीहरूलाई स्वीकार गर्न इच्छुक छैनन्। उः आफ्नो जिम्मेवारी आफ्नो काँधमा लिन चाहँदैनन्। आफ्नो असफलताको लागि सधैं अरूलाई दोष दिने स्वभावको छ उसको बानी। यदि हामी आफ्ना कार्यहरूमा बढि जिम्मेवार हुन सक्यौं भने हामीले शान्ति र सुख कायम गरी राख्न सक्छौं।

**मानिस आफूले आफैलाई नियन्त्रण गर्नु पर्दछ**

**आफूले चाहे जस्तो गर्न स्वतन्त्रता पाउनु पर्छ भन्ने मानिसको दावीमा कत्तिको औचित्यता छ ?**

जब हामी मानव स्वतन्त्रताको कुरा गर्छौं, तब के साँच्चै मानिस ऊ आफूले चाहेजस्तै जेसुकै गर्न स्वतन्त्र छन् त भन्ने निर्क्यौलमा पुग्न गाह्रो पर्छ। मानिस बाह्य र आन्तरिक दुबै परिस्थितिबाट बाँधिएको छ; उसले देशको नियम र कानूनहरू पालना गर्नु पर्दछ; धार्मिक सिद्धान्तहरूमा बाँधिनु पर्दछ; ऊ समाजको नैतिक र सामाजिक परिस्थितिहरूसँग मिल्ने गरी बाँच्नु पर्दछ; ऊ राष्ट्रिय तथा सामाजिक रीतिथिति र परम्परा मान्न बाध्य हुनु पर्दछ। आधुनिक रीतिथिति र परम्परा मान्न बाध्य हुनु पर्दछ। आधुनिक समाजमा ऊ परम्परागत जीवनपद्धतिबाट टाढिन खोज्छ; उसले आधुनिक पद्धतिलाई अंगाल्नु पर्ने हुन्छ। ऊ प्राकृतिक नियम र संसारिक शक्तिमा बाँधिन बाध्य छ, किनकि ऊ पनि त्यही शक्तिको एक अंश हो। आफू आश्रय गरेको ठाउँको मौसम र हावापानीबाट प्रभावित भएको हुन्छ। उसले आफ्नो जीवन वा भौतिकता तर्फमात्र ध्यान दिएर पुग्दैन, बल्कि उसले आफ्ना मनोभावनाहरूमाथि पनि नियन्त्रण राख्नु पर्ने हुन्छ। अर्को शब्दमा भन्ने हो भने ऊ स्वतन्त्र रूपमा चिन्तन गर्न स्वतन्त्र छैन। किनभने ऊ आफ्ना पुराना विचार र मान्यतासँग मेल नखाने र बिल्कुलै नमिल्ने नयाँ-नयाँ विचारहरू र मान्यताहरूबाट प्रभावित भइरहेको हुन्छ। त्यस्तै ऊ आफ्नो स्वइच्छाले होइन ईश्वरको इच्छानुसार काम गर्नु पर्छ भन्ने कुरामा पनि विश्वास गरेको हुन्छ।

माथिका परिवर्तित परिस्थितिहरू हेरिसकेपछि प्रश्न उठ्छ– 'आफूले चाहे जस्तो गर्न स्वतन्त्रता पाउनु पर्छ भन्ने मानिसको दावीमा कतिको औचित्यता छ ?'

किन मानिसका हातहरू यसरी बाँधिएका छन् त ? कारण मानिसभित्र किसिम-किसिमका खराब भावनाहरू विद्यमान छन्। यी अकुशल भावनाहरू सबै प्राणीहरूका लागि खतरनाक र हानीकारक छन्। मानिसको यस अविश्वसनीय मनस्थितिलाई नियन्त्रणमा लिन र आदर्शमय जीवन जिउन सिकाउन सबै धर्मले हजारौं वर्षदेखि प्रयास गर्दै आइरहेका छन्। तर दुर्भाग्यको कुरो हो बाहिरबाट जतिसुकै असल देखिए तापनि मानिस अझैपनि विश्वास लायक बन्न सकेका छैनन्। उसले आफूभित्र त्यस्ता खराब तत्वहरूलाई आश्रय दिएरहेकै छ। यी खराब तत्वहरू कुनै वाह्य श्रोतबाट आएका वा लादिएका होइनन्, मानिस आफैले श्रृजना गरेका हुन्। यी खराब तत्वहरू मानिस आफैले श्रृजना गरेका हुन् भने त्यसको भयावहतालाई महसूस गरी त्यसबाट छुटकारा पाउन ऊ आफैले नै कडा परिश्रम गर्नु पर्दछ। दूर्भाग्यवश अधिकांश मानिस निर्दयी, धूर्त, अधर्मी, कृतघ्न, अविश्वासी र सन्देहास्पद छन्। यदि मानिसलाई बिना संयम र बिना कुनै बन्देज स्वइच्छामा जिउन छूट दिइने हो भने उसले निर्दोष मानिसहरूको शान्ति र सुखलाई आतंकित पार्दछ। उसका व्यवहारहरू खतरनाक जनावरहरूको भन्दा गएगुज्रेका हुन्छन्। यस्तो मानिसलाई आदरपूर्ण जीवन जिउन तथा इहलोक र परलोकको सुख र शान्ति प्राप्त गर्ने ज्ञान दिन धर्मको आवश्यकता हुन आउँछ।

धार्मिक जीवन र आध्यात्मिक उन्नतिको मार्गमा देखा परिरहेको अर्को बाधा हो– जातीय अभिमान। बुद्धले आफ्ना अनुयायीहरूलाई धर्मको अभ्यासमा यस्ता जातीय विवादलाई अघि नसार्न सल्लाह दिनुभएको छ। कुनैपनि धर्म मान्ने मानिसहरूले अरू मानिसहरूका बिरूद्ध उनीहरूका परम्परागत जीवन शैलीको आधारमा भेदभाव गर्न हुँदैन। विशेषत: धार्मिकक्षेत्रमा सबैलाई समान व्यवहार गर्नु पर्दछ। दुर्भाग्य वश, विभिन्न धर्मका अनुयायीहरूले नै अरूको धार्मिक मान्यता र विश्वासप्रति झन बढी भेदभाव र द्वेषपूर्ण व्यवहार गरेको हुन्छ। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-७

मूल पालि अनुवादक - **भिक्षु अमृतानन्द**
नेपाली अनुवादिका - **शरणशीला**



(९) सपना देखेको दृश्य- ठूलो पोखरीको बीचको पानी धमिलो र फोहर भइराखेको । तर त्यस पोखरीको छेउ छेउमा भने निर्मल र स्वच्छ रहेको दृश्य ।



अर्थ– कलियुगमा धेरैजसो बदमास र लोभी व्यक्तिहरूले राज्य चलाउने छन् । उनीहरूले अनेक निहुँ राखी कर उठाउने छन् । यसले गर्दा मानिसहरू शहरमा जीवन यापन गर्न नसकी जङ्गलतर्फ लाग्नेछन् ।



Downloaded from http://www.dhamma.digital

(९) "भन्ते । पाँच प्रकारका कमलहरूले भरिपूर्ण भएको सबैतिर नुहाउने ठाउँहरू (तीर्थहरू) भएको एउटा गम्भीर पोखरी देखें । त्यहाँ दुई खुट्टे, चार खुट्टे पशुहरू आएर चारैतिर बसेर पानी पिइरहे । पोखरीको माझमा भएको खाल्टोमा भने पानी फोहर थियो, तर ती पशुहरूले पानी खाइरहेको ठाउँमा भने पानी सफा थियो । नवौं सपना यहीं हो । यसको फलको बारेमा भन्नुहोस् ।"

"महाराज ! यसको फल पनि अनागतमा मिल्नेछ । त्यसबखतमा राजाहरू अधर्मी हुने छन्, पक्षपातपूर्ण राज्य चलाउने छन् । धर्मानुसार न्याय-निसाफ गरेको देख्ने छैन । घूस खानेहरू बढ्ने छन् अरूप्रति लोभ गर्नेहरू बढ्ने छन् । राष्ट्रवासीहरूप्रति क्षान्ति, मैत्री, दया भनेको अलिकति पनि हुने छैनन् । निर्दयी एवं कठोर हुनेछ । उखु पेल्ने यन्त्रमा राखेर उखुलाई पेले झैं मानिसहरूलाई पनि अनेक प्रकारका करहरूले पेल्ने छन्, जुन तिर्न उनीहरू असमर्थ हुने छन् । ग्राम निगम छाडी उनीहरू सीमातर्फ बस्न जानेछन्, मध्यम जनपद (=युक्त प्रान्त) शून्य हुनेछ– पोखरीको बीचको पानी फोहर भएर किनाराको पानी स्वच्छ भए झैं । यसको कारणले पनि तपाईको बिघ्न हुने छैनन् । अब दशौं सपनाको बारेमा भन्नुहोस् ।"



*(१०) सपना देखेको दृश्य- एउटा महिलाले भात पकाइरहेकी हुन्छिन् । उनीले पकाएको एउटै भाँडोको भात तीन थरीका हुन्छ । (क) गीलो भात (ख) आदि काँचो आदि पाकेको भात । (ग) ठिक्कको अर्थात् राम्ररी पाकेको भात ।*

(१०) "भन्ते ! एउटै भाँडोमा पकाएको भात ३ किसिमको हुन गयो । अलग्ग-अलग्ग भाग लगाएर तीन प्रकारले पकाएको जस्तै । एक भाग भात काँचै, अर्को भाग चुरो नमरेको र तेस्रो भाग राम्ररी पाकेको थियो । दशौं सपना यही हो । यसको परिणाम भन्नुहोस् ।

"महाराज ! यसको परिणाम भविष्यमा आउनेछ । भविष्यमा राजाहरू अधर्मी हुने छन् । राजा अधर्मी हुँदा राजकर्मचारीहरू, ब्राम्ह्णहरू सहित सबै जनताहरू अधर्मी हुने छन् । अनि उनीहरूका रक्षक देवता, बलिग्राहक देवता, वृक्ष देवता तथा आकाशमा



Downloaded from http://www.dhamma.digital



*अर्थ– कलियुगमा वर्षात्काल आषाढ महिनामा नै सबै ठाउँमा एकनाशको पानी पर्दैन । कहिँ ज्यादै पानी पर्ने हुन्छ भने कहिँ पटक्कै पानी पर्नेछैन । फेरि कहिँ भने ठीक्क मात्रामा पानी परिरहेको हुनेछ ।*

बस्ने देवताहरू आदि सकल देवताहरू अधर्मी हुने छन् । अधर्मी राजाको राज्यमा विषम, कडा हावा चल्नेछ । त्यसकारण आकाशमा उडिराखेको विमानको कम्पन हुनेछ । विमान कम्पन हुँदा त्यसमा बसेका देवताहरू रिसाउने छन्; अनि वर्षा हुने छैनन् । यस्तै प्रकारले जनपद, ग्राम, दह, पोखरीमा वर्षा हुने छैनन् । दहको मास्तिर पानी परे दहको मुनितिर पानी पर्ने छैनन् । कुनै भागमा अति वृष्टिले बाली बिगार्नेछ भने अर्को भागमा सुक्खाले सताउनेछ । कुनै भागमा ठीक वर्षाले बाली सप्रने छ । एउटै राज्यमा तीन प्रकारको बाली हुनेछ- एउटै भाँडोमा तीन प्रकारको भात बने जस्तै। यसको कारणले तपाइँमाथि केही भय आइपर्ने छैन । एघारौं सपनामा के भयो सुनाउनुहोस् ।

*क्रमशः*

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ **उद्दकरामपुत्र** वैशेषिक दर्शनका पण्डित थिए र उनका ७०० शिष्यहरू थिए ।

★ सोही बैशाख पूर्णिमाको दिन सोत्थिय (=श्रोत्रिय) नामक ब्राह्मणले सिद्धार्थलाई आठ मुट्ठी तृण (=कुश घाँस) दान दिएका थिए । त्यही तृणको आशनमा बसी उहाँले बोधिज्ञान लाभ गर्नुभयो ।

★ बैशाख पूर्णिमाको रात्रीका विभिन्न **याम** (=४ घण्टा) मा सिद्धार्थले तलका ज्ञानहरू हासिल गरी बुद्ध हुनु भएको थियो – प्रथम याममा पूर्वानुस्मृति ज्ञान (=पूर्वजन्मको ज्ञान)
दोस्रो याममा च्युत्योत्पति ज्ञान (=उत्पत्ति विनाश ज्ञान)
तेस्रो याममा आश्रवक्षय ज्ञान (=प्रतीत्य समुत्पाद)

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

## सकल भन्ते/गुरूमां पिन्त उदाय् समाजया

## निमन्त्रणा

सकल नेपाः मिपिनिगु सुख शान्ति आयु आरोग्य व भिं जुइमा धैगु कामना यासें उदाय् समाजं थ्व हे वइगु पौष २६ गते January 10, 2015 खुन्हु स्वनिगलय् उपस्थित सकल भन्ते/गुरुमांपिन्त क्वय् न्ह्यथना कथं भोजन तथा संघदान यायेगु क्वछिनागुलिं उगु कार्यक्रमया निमन्त्रणा निकट भविष्यय् थ्यनीगु दु । कारणवस ब्वनापौ मथ्यंसां थुगु हे निमन्त्रणा-पौयात स्वीकार यानाः संघदान कार्यक्रमय् बिज्याय्‌त सकल भन्ते गुरुमांपिन्त उदाय् समाज पाखें श्रद्धापूर्वक प्रार्थना यानाच्वना ।

*संघदानया ज्याइव :*

मिति : **ने.सं. ११३५, पोहेलागा ५**
**(पौष २६ गते** January 10, 2015) **शनिवाः**
थाय् : **नयाँ बजार मल्टी भेन्यू, नयाँ बजार**
ई : **९: ३० ताइलं निसें**

*प्रार्थी :*

**उदाय् समाज**
**सकल उदाय् परिवार**

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*वि.सं. १९९२ जेठ ६ गते आइतवार*

*दिवंगत :*
*वि.सं. २०७१ आश्विन ६ गते, सोमवार*

## दिवंगत हेराशोभा तुलाधर

हेराशोभा तुलाधर यही २०७१ आश्विन ६ गते सोमवार दिवंगत हुनुभयो । उहाँको परिवारले यस दुःखद् क्षणमा संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहार, श्रीघः नघः**



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–१८

*अनुवाद*– **देवकाजी शाक्य**

– १७० –

– धर्मदान सर्वोत्तम सम्भव दान हो ।
– चूपचाप शान्तपूर्वक गरेको दान सर्वोत्तम सम्भव पुण्य हो ।

– १७१ –

– एकजना शिशुको शक्ति रूनु कराउनुमा हुन्छ ।
– एकजना भिक्षुको शक्ति सहिष्णुतामा रहन्छ ।
– एकजना राजाको शक्ति सेनामा र उसको प्रभावमा निहित हुन्छ ।
– एकजना अरहतको शक्ति उनका अनासक्तिमा निहित हुन्छ ।
– एकजना बोधिसत्वको शक्ति उनको करूणामा निहित हुन्छ ।

– १७२ –

– रचनात्मक मन र दक्ष हातहरूद्धारा तिमीले भ्रष्टाचार लाई जादूमा परिणत गर्न सक्छौ । रचनात्मक मन र सदिच्छाद्वारा तिमीले खराब कारणहरू र अवस्थाहरूलाई असल कारणहरू र अवस्थामा परिवर्तन गर्न सक्छौ ।

– १७३ –

– थोरै करूणा पनि पुण्यहरू सञ्चय गर्नको निमित्त परिमार्जित सद्‌गुणहरू बीज र जरा दुईटै हुन् ।
– थोरै सहिष्णुता पनि अनन्त सद्‌गुणहरू भरिएको पात्र र अनन्त आशिर्वाद परिष्कृत गर्ने खेत दुईटै हुन् ।

– १७४ –

– मोजमज्जामा डुबुल्की मार्ने कुलत बलिरहेको दीपक समान हो;बत्तीको तेल घट्दै घट्दै जान्छ ।
– पुण्य सञ्चय गर्दै जानु तेल थप्दै थप्दै जानु हो: दीपकको तेज चम्किलो हुँदै जान्छ ।

– १७५ –

– करूणा र प्रज्ञा मानसिक सम्पत्ति हुन् ।
– इच्छा आकांक्षा र प्रतिज्ञा आध्यात्मिक ऊर्जा हुन् ।
– मिहिनेत र कडा परिश्रम शारीरिक सम्पदा हुन् ।
– बुद्ध स्वभाव वा प्रकृति अनन्त सम्पदा वा ढुकुटी हुन् ।

– १७६ –

– सुगन्धित फूलभन्दा एउटा मुस्कान झन राम्रो ।
– सफा जलभन्दा एउटा चिन्तन राम्रो ।
– एउटा सुरिलो भाकाभन्दा एउटा कविता राम्रो ।
– एउटा कविताभन्दा प्रशंसा राम्रो ।

– १७७ –

– सही अर्थमा धनी मान्छे आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुन्छ । साँच्चैको श्रेष्ठ व्यक्तिले आफूसँग भएको शक्ति अरूको निमित्त प्रयोग गर्छ ।
– साँच्चै टाट पल्टेको व्यक्तिको आफ्नो अन्त:करण शक्ति हुँदैन ।

– १७८ –

– गहिरा महासागरहरूका छालहरू शान्त हुन्छन् ।
– विद्वानका वाणी मौन हुन्छन् ।
– पहाडका टुप्पामा चराहरू एकत्रित हुन्छन् ।
– मानवता सद्‌गुणी मानिसहरूका आसपास एकत्रित हुन्छन् ।

– १७९ –

– सफलता र सुखको अनुभूति लिन कर्तव्य पालन गर ।
– फूर्सद समयबाट आनन्द लिन आसक्तिलाई परित्याग गर ।

– १८० –

– धन र गौरवले सन्तुष्टहरूलाई खुसी प्रदान गर्छन् ।
– स्वर्ग र धरती, सूर्य र चन्द्र ती मानिसहरूकै हुन् जो तिनीहरूमा आनन्द लिन्छन् ।

– १८१ –

– आधुनिक यातायात प्रणाली र विश्व शान्तिले सबैलाई छिमेकी बनाइदिन्छ ।
– आधुनिक सञ्चार व्यवस्था र विश्व सद्‌भावनाले सबै लाई परिवार बनाउँछ ।

– १८२ –

– कम इच्छाले तिमीलाई सद्‌गुणी र बुद्धिमान बनाउँछ ।
– पूर्वाग्रह कम हुनाले तिम्रो जीवन व्यापक बन्छ ।

– १८३ –

– समय विषयेक बौद्ध दृष्टिकोणले भूत, वर्तमान, भविष्यप्रतिको हाम्रा सोच र परिकल्पनालाई विस्तृत पार्न सक्छ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो

*जन्म :*
*१९९१ मंसीर द्वादसी*



*दिवंगत :*
*२०७१ आश्विन ५ गते*
*आइतवार*

# दिवंगत रेसमान तुलाधर

धर्मकीर्ति पूर्णहेरा पुचः या दुज नानी छोरी तुलाधर या जहान

## रेसमान तुलाधर

वंगु आश्विन ५ गते, आईतवार चय्‌दँया वैशय्‌ दिवंगत जुयादिल । दुःखं कयाच्वंगु
थुगु इलय्‌ परिवारपिं सकसिनं भगवान बुद्धं कनाबिज्याःगु
अनित्य, दुःख व अनात्म रूपि संसारया त्रिलक्षण स्वभाव धर्मयात थ्वीकाः
धैर्य धारण याय्‌ फय्‌मा ।

अथेंहे दिवंगत **रेशमान तुलाधर**या सुगति कामना सहित याकन हे
निर्वाण सम्पत्ति नं प्राप्त ज्वीत हेतु चूलाय्‌मा धकाः कामना यासे पुण्यानुमोदन याना ।

## धर्मकीर्ति पूर्णहेरा पुचः

**धर्मकीर्ति विहार, श्रीघः नघः यँ**



Downloaded from http://www.dhamma.digital

# दुखं मुक्ति लाकि सुख प्राप्ति ?

✍ **मदनरत्न मानन्धर**, *सह-प्राध्यापक, यैं*

नेपाःया महान सपुत सिद्धार्थ गौतम स्वीन्यादँ (३५ बर्ष) या वैशय् बुद्धत्व लाभ याना कया बिज्यासेलि 'भगवान गौतम बुद्ध धकाः प्रख्यात जुल। बुद्धत्व प्राप्तियां भिंनिदँ लिपा वसपोलं 'महासति पट्ठान सुत्त' धयागु महान उपदेश बिया बिज्यात। गुकियात थौं कन्हय् विपश्यना ध्यान धकाः नं म्हसियाच्वंगु दु।

"सत्व प्राणीपिं चित्त मलं विशुद्ध जुयेया निंतिं, शोक जुइगु, नुगः पुइगु, ख्वयेगु, हालेगु, छाति दायाः ख्वये मालीगु अवस्था पुला वनेया निंतिं शारीरिक दुःख, मानसिक दुखयात मदयेका छवयेया निंतिं, शान्त याना छवयेया निंतिं, शुद्धगु मार्गय् पलाः छियेया निंतिं व सम्पूर्ण दुःखं अलग्गगु निर्वाण अवसर ध्वदुकेया निंतिं छपु जक लँपु छु-व खः प्यंगू स्मृतिप्रस्थान भावना अथवा ध्यान– "थथे धर्म घोषणा याना बिज्यागु सूत्र खः थुगु 'महासतिपट्ठान सुत्तं। थन वसपोलं न्हय्गू प्रतिफलत क्यना बिज्याःगु दु, थुगु सूत्रया–

१. सत्व प्राणीया विशुद्धि जुइगु
२. शोकया अवस्थां पुलावने फइगु
३. नुगः पुइगु अवस्थां पुलावने फइगु
४. शारीरिक दुःख मदयेके फइगु
५. मानसिक दुःख मदयेके फइगु
६. शुद्धगु मार्गय् पलाः छी फइगु
७. दुखं अलग्गगु निर्वाणयात ध्वदुके फइगु। थ्व न्हय्गू प्रतिफलत प्राप्तिया ग्यारेन्टि दुगु छगू जक लँपु खः – 'प्यंगू स्मृतिप्रस्थान भावना।

क) थःगु शरीरय् शरीरयात स्मृतिपूर्वक (होशपूर्वक, सतर्कतापूर्वक) स्वयेगु।
ख) थःगु शरीरय् उत्पन्न जुइगु थीथी वेदना (संवेदना, अनुभूति) यात स्मृतिपूर्वक स्वयेगु।
ग) थःगु चित्तय् लुयावइगु थी थी मनोभावना (चित्त) यात स्मृतिपूर्वक स्वयेगु व
घ) उगु चित्तय् उत्पन्न जुइगु थी थी स्वभाव (धर्म) तय्त स्मृतिपूर्वक खंकेगु।

थथे कना बिज्याःगु अनुसारं इमान्दारीपूर्वक, वीर्यपूर्वक, उत्साहपूर्वक व विवेकपूर्वक ज्या यात धाःसा निगू प्रतिफल अवश्यं प्राप्त जुइ धकाः नं वसपोलं सूत्रया अन्तय् कना बिज्याःगु दु- "उप्वलं न्ह्य् दँ (७ वर्ष) म्होति नं न्हय्न्हुं ( ७ दिनं) कि मखुसा अर्हतत्व (निक्लेशया अवस्था) प्राप्त जुइ मखुसा अनागामि (हाकनं मनू जन्म काये म्वाःम्ह अथवा दुखया सागरय् हाकनं दुने म्वाःम्हजुइ।"

थुकथं सूत्रया शुरूइ न्हय्ता प्रतिफल व सूत्रया अन्तय् निता प्रतिफलयात ग्यारेन्टि याना बिज्यास्ये थुगु सूत्र कना बिज्यानातःगु दु। थुपिं प्रतिफलतय्त दीर्घकालीन प्रतिफल धकाः नं धाये फु। उलिजक मुख उगु सूत्रय् कना बिज्याःगु अनुसारं ज्यायाःम्हसित तत्कालीन प्रतिफलत भिंनिगू नं प्राप्त जुइ, गथे कि –

१) थःगु मन स्वच्छ जूगु तत्काल अनुभव जुइ।
२) लोभ, द्वेष, इर्ष्या आदि बांमलाःगु प्रवृति मनय् उत्पन्न जूसां तत्काल संयम याये फइ।
३) थःगु शील सदाचार परिपक्व जुयाः लि बोलिवचन, व्यवहार सभ्य व कोमल जुइ।
४) स्मरणशक्ति, सहन शक्ति वृद्धि जुइ।
५) मित्रभाव, सहयोगी भाव, सेवा भाव वृद्धि जुइ।
६) च्याताप्रकारया लोक धर्म लिसे क्वातुक ल्वाये फइ।
७) अनित्य स्वभावयात महसूस जुइगु जुयाः स्वार्थी भावना म्हो जुयावनी।
८) वर्तमान अवस्थायात म्हसियाः अतीत वा भविष्ययात बिचाः मयाइवलय् म्वाः मदुगु मानसिक तनाव व व्याकुलता मदया वनी।
९) उप्वलं उप्वः शारीरिक व मानसिक ल्वय् पाखें बचे जुइ।
१०) थुगु जन्मय् दकलय् बांलाःगु ज्या याये दत धकाः आत्म सन्तोष प्राप्त जुइ।
११) त्रिरत्न प्रति क्वातुगु श्रद्धा वृद्धि जुयाः मन झन निर्मल जुइ।
१२) न्हापा गुबलें हे अनुभव याये मनंगु विशिष्ट सुख अनुभव प्राप्त जुइ।

थुभनं कल्याणकारकगु विधियात, स्पष्ट रूपं कना बिज्यानातःगु कथं ज्यायाना वन धाःसा दुखं मुक्त जुइलाकि स्थाई सुख प्राप्त जुइ, बिचाः याये बहः जू। ❖



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी विश्वशान्ति शहर

✍ सुरेश मानन्धर

'लुम्बिनी छगू अज्याःगु थाय् खः गन मिखा बन्द जुइ, नुगः खुल्ला जुइ।'

लुम्बिनीयात 'विश्व शान्ति शहर' दयेकेमाः धइगु प्रस्ताव सहित नांजाःम्ह पर्यटन व्यवसायी कर्ण शाक्यं न्ह्यब्वयादीगु कार्यपत्रय् थ्व भ्वः च्वयातःगु दु। वय्कलं च्वयादीगु थ्व भ्वलं हे धाइ, यदि लुम्बिनीयात विश्व शान्ति शहर दयेकल धाःसा उगु शहरया ख्वाःपाः गथे च्वनी ? सन् २००४ य् लुम्बिनीइ जूगु निक्वःगु विश्व बौद्ध सम्मेलनय् भाजु शाक्यं उगु कार्यपत्र न्ह्यब्वयादीगु खः। लिपा उगु सम्मेलनं घोषणा याःगु लुम्बिनी घोषणाया १० गू बुँदा मध्ये छगू थ्व नं जुल।

बुद्ध जन्म जूगु थाय् लुम्बिनीयात 'विश्व शान्ति शहर' दयेकेगु धकाः कुतः जुयाच्वंगु ताः हे दयेधुंकल। न्हापा प्रस्तावया रूपय् जक न्ह्योने वयाच्वंगु थ्व बिचालं आः छगू ठोस रूप नं कायेधुकूगु दु। थ्व शहर गथे च्वनी व अन गज्याः गज्याःगु ज्वलं दइ धइगु सम्पूर्ण खँ दुथ्याकाः तयार यानातःगु गुरूयोजना नेपाःया सरकारयाथाय थ्यने धुंकूगु दु।

कोरियाया विश्वप्रसिद्ध इन्जिनीयर डा. योंग हुन क्वाकं थ्व गुरूयोजना तयार यानादीगु खः। कोरियाया हे विकास सहयोगी संस्था कोइकाया ग्वाहालिं थ्व गुरूयो जना च्वयेगु ज्या जूगु खः। 'थ्व गुरूयोजना नेपाः या संस्कृति मन्त्रालय मार्फत नेपाः सरकारयात लः ल्हाये धुंकल। आः सरकारं ठीक जू धाल कि व अनुरूप ज्या शुरू जुइ।' लुम्बिनी विकास कोषया सदस्य सचिव अजितमान तामाङं कनादिल। तामाङं धयादी कथं लुम्बिनी विकास कोषं उगु गुरूयोजनायात स्वीकृत यानाः छ्वयेधुंकूगु दु, आः सरकारपाखें जक अनुमोदन याये ल्यं दनि।

डा. क्वाकं तयार यानादीगु 'लुम्बिनी विश्व शान्ति शहर' पलेस्वाँया स्वरूपय् दु। येँदेय् खड्ग आकारय् दु धाये थें लुम्बिनी शान्ति शहर पलेस्वाँ आकारय दइ। थ्व शहरया क्षेत्रफल २४ वर्ग किलोमिटर दइ। तर थ्व थौंकन्हय्या थें आधुनिक शहर धाःसा मखु। थुकिया २४ वर्ग किलोमिटर भूमि मध्ये ५ वर्ग किलोमिटरय् जक शहर दइ। बाँकी १९ वर्ग किलोमिटर कृषि व पर्यटनया लागिं प्रयोग जुइ।

सन् १९७८ य् जापानया वास्तुकलाविद् प्रा. केन्जो तांगें लुम्बिनीया गुरूयोजना दयेकादीगु खः। आः दयेकूगु शान्ति शहरया गुरूयोजनां प्रा. तांगेया गुरूयो जनायात छुं हे हानी याइ मखु। तांगेया गुरूयोजनायात दुने लाकाः उकिया हे जःखः थ्व शान्ति शहर निर्माणलक्ष्य तयातःगु दु। कर्ण शाक्यं न्ह्यब्वयादीगु लुम्बिनी शान्ति शहर सम्बन्धी कार्यपत्रय् थ्व शहर थौंकन्हय्या थें तः धंगु महानगर मजुइगु खँ धयातःगु दु। थ्व छगू विशुद्ध शान्ति शहर जूगु कारणं थुकिया स्वरूप नं अथे जुइमाः थन दुने उपभोक्तावादीतय्त थाय दइ मखु। थन फयांफच्छि यक्व हरियाली दयेमाः। शहरय् च्वनीपिं मनूतय् आम्दानीया श्रोत धइगु कृषि व पर्यटन जुइ। पर्यटन धकाः थन दुने ततःधंगु होटल दइ मखु। शहरय् दुने च्वनीपिं हरेक मनूतय्गु छेँयात होमस्टे दयेकेगु जुइ। अन छक्वलं निगू लाख पर्यटक च्वने फइगु होमस्टेया व्यवस्था जुइ। पर्यटन व कृषिपाखें जक थ्व शहरया मनूतय्सं न्हिं ३० डलर तक कमे याये फइ।

शाक्यया प्रस्तावय् धयातःगु दुः– थ्व छगू कथं धायेगु खःसा सिद्धार्थ गौतम बुद्धया कपिलवस्तु अबलय् गज्याःगु शहर खः थ्व नं अज्याःगु हे शहर जुइ। थन मत ला दइ तर यान्तांप्यान्तां यगाना च्वनीगु विद्युतया तार दइ मखु। उद्योग दइ तर रासायनिक, जैविक वा ध्वनि प्रदुषण दई मखु। थन दुने अय्लाः थ्वँ व ला जक मखु धुम्रपान तकं प्रतिबन्धित जुइ। ततः धंगु सतक दइ मखु। उकिया थासय् जवंखवं सिमा पिना तःगु न्ह्यइपुगु सतक दइ। शहरय् च्वनीपिं मनूतय्त लः, धः, स्कूल, अस्पताल, मत आदि सकतां आधारभूत सुविधा दई। थनया आर्थिक गतिविधि कृषिइ आधारित जुइ। थ्व मूलतः संस्कृति, कला, वास्तु, धर्म, पुरातत्व व पर्यावरण पूर्णगु शहर जुइ। अर्थात् थ्व २१ औं शताब्दीया पुरातात्विक, दार्शनिक शहर जुइ।

शहर दयेकीबलय् थौंकन्य् अन दुगु छेँ गां, देगः मस्जिद, स्कूल छुं हे चीकी मखु। थ्व फुक्क यथास्थानय्



Downloaded from http://www.dhamma.digital

दइ । केवल उकिया जःखःया वातावरण पाइ । भविष्यय् पुरातात्विक सांस्कृतिक शहर जुइगु जूगुलिं अन दुने ततः धंगु कलकारखाना, होटल आदि चायेकेगु अनुमति बी मते धकाः कोरियाली संस्था कोइकां नेपाल सरकारयात इनाप यायेधुंकूगु दु ।

लुम्बिनी विकास कोषया पुलांम्ह उपाध्यक्ष डा. केशवमान शाक्यं थ्व परियोजना सफल याये फत धाःसा लुम्बिनीया धाथें विकास जुइगु बिचाः तयादिल । प्रा.केन्जो तांगे दयेकादीगु गुरूयोजनां लुम्बिनी निर्माण याःसां उकियात टिके याना तयेगु खःसा थ्व शान्ति शहरया निर्माण आवश्यक जूगु खँ वयकलं कनादिल । वयकलं धयादी, 'लुम्बिनी विकास यायेगु खःसा जःखःया लागा नं विकास जुइमाः । अथे धकाः स्थानीय जनताया भूमि हड्पे यानाः कायेगु कथंया जक विकास याये मजिउ, उमित नं लबः दइगु कथंया विकास यायेमाः । थ्व गुरूयोजनां थुगु खँयात नं मनन याःगु दु ।'

लुम्बिनी जक मखु उगु लागाय् दुगु मेमेगु थायत गथे कि तिलौराकोट, कपिलवस्तु, रामग्राम, कुडान, देवदह, निग्लीहवा, गोटीहवा, सगरहवा आदि नं संरक्षण जुइमाः गु बिचाः डा. शाक्यया दु ।

लुम्बिनी शान्ति शहरया थ्व बिचाः शुरूइ डा. क्वाक नापं डा. अबेलार्दो ब्रेनेसं तयार यानादीगु खः । तर थुकिया गुरूयोजना धाःसा डा. क्वाकं जक दयेकादिल । वयकलं विश्वया मेमेगु नं आपालं शहरया डिजायन यानादीगु दु । लुम्बिनी वयकःया अन्तिम ज्या खः धाःगु दु । उगु लागाया ११ गू गाविसयात समेत दुथ्याकाः दयेकीगु थ्व खर्च तुइगु अनुमान डा. क्वाकं यानादीगु दु ।

थुलिमछि खर्च पिकायेगु अः पुगु ज्या ला मखु तर थुकी संयुक्त राष्ट्र संघया महासचिव वान की मुन थः हे रूची तयाः लगे जुया च्वनादीगुलिं असम्भव थ्यंक नं मखु । वास्तवय् लुम्बिनी शान्ति शहरया थ्व गुरूयोजना तयार याकेगु ज्या हे महासचिव मुनं याकादीगु खः । मुन व डा. क्वाक निम्हं कोरियाली नागरिक खः ।

थ्व गुरूयोजना कथंया ज्या न्ह्याकेगु लागिं छगू इलय् पुलांम्ह प्रधानमन्त्री लिसें एमाओवादी अध्यक्ष प्रचण्ड नं सक्रिय जुयादीगु खः । थ्वहे ज्याया लागिं प्रचण्ड छक्वः न्यूयोर्क वनाः मुनयात नाप नं लानादीगु खः । तर थौंकन्ह्य् ज्या दिनाच्वंसां परियोजना बन्द हे धाःसा मजूनिगु खँ धाःगु दु । थ्व परियोजना सम्पन्न याये फत धाःसा थुकिं मुक्कं नेपाःयात हे सम्पन्न याइगु व विश्वया न्ह्यःने नेपाः या न्हूगु परिचय स्थापित जुइगु आशा यानातःगु दु । ❖

*(साभार- 'सन्ध्या टाइम्स्'*
*ने.सं. ११३४ वछलाथ्व स्वांया पुन्हि*
*वि.सं. २०७१ बैशाख ३१, बुद्धबार)*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ बुद्धले बोधिज्ञान लाभ पछि ७ हप्तासम्म उक्त ज्ञानको प्रीति (=आनन्द) सुखमा लीन भइराख्नु भएको थियो । यसरी ७ हप्तासम्म उहाँले खानु, पिउनु, शौच गर्नु, स्नान गर्नु आदि केही गर्नु भएको थिएन ।

★ बोधिज्ञान लाभ पछि बुद्धलाई सर्वप्रथम भोजन दान दिनेहरू थिए दुई व्यापारी दाजुभाइहरू - **तपस्सु** र **भल्लुक** । उनीहरूले दिएको सत्तु र महको भोजन नै बुद्धको प्रथम भोजन थियो ।

★ सर्वप्रथम बुद्धको शरणमा जाने उपासकहरू थिए - **तपस्सु** र **भल्लुक** । उनीहरू द्वैवाचिक शरण (=बुद्ध र धर्मको शरण) जानेहरू थिए । त्यतिबेला संघ बनेको थिएन ।

★ तपस्सु र भल्लुकलाई भगवान् बुद्धले चिन्हो स्वरूप एक मुठ्ठी केश (=रौं) दिनु भएको थियो । उक्त केश राखेर ती दुई दाजुभाईले आफ्ना उत्कल देश (=उडिसा) मा बनाएको स्तूप नै बुद्धको स्मृतिमा बनेको प्रथम स्तूप थियो ।

★ बुद्धगयामा बुद्धत्व प्राप्त गर्नुभएपछि बुद्ध सर्वप्रथम ऋषिपतन मृगदावन (=सारनाथ) मा जानुभयो ।

★ मार्गमा उपक नामक आजीवक (=घुमन्ते साधु) ले भगवान् बुद्धलाई भेटेर पनि चिन्न सकेको थिएन ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# धर्मयात व्यवहारय् नं छ्यले सयेकेमाः

✍ सुनिता मानन्धर

नेपाःया जनगणना २०६८ इ बुद्धधर्म माने याइपिनिगु ल्याः म्हो जूगु तथ्यांक पिहांवःगु दु । थुगु तथ्यांक धाथें बुद्धधर्म माने याइपिं म्हो जुयाः जूगु खः वा थःपिं बुद्धमार्गी जुइ मसः गुलिं खः थुकी एकिन धाःसा याये फुगु मदुनि । थन बुद्धधर्मया नं थीथी कथंया कचा दु । न्ह्यागु हे कचा कथं बुद्धधर्म माने याःसां बुद्धमार्गी हे धाइगु खः । तर अथे खःसां गुगु शिक्षा तथागत बुद्धं थःम्हेसिनं थुइकाः देशना यानाबिज्याःगु धर्म खः उकियात सकलें बुद्धमार्गीतय्सं थुइकाच्वंगु दु ला ? थन बुद्धमार्गीतय्सं बुद्धशिक्षा कथं व्यवहार यानाच्वंगु दु ला धयागु खँय् छकः बिचाः याये ।

बुद्धधर्मय् मूर्ति पूजाया थाय् मदु । तर धाइ हलिंन्यंक दकलय् अप्वः बुद्धया हे मूर्ति दु । थुगु मूर्ति पूज्यायेगु ज्याखँय् बौद्धमार्गीत नं लिउने मलाः । सुथ जुइवं पुजाभः तयाः उकी स्वां सिन्हः, जाकि तयाः द्यः पूजा मयाः तले मन हे च्वनी मखु । अझ द्यःयात बांलाक सिन्हः तिकाः स्वाँ छायाः जाकिं कयेके धुंकाः तिनि मन लय्तायेका च्वनी । थन बुद्धया मूर्ति छगू जक नं मजुइफु । नाना कथंया द्यःपिनिगु मूर्ति भ्वःलिक तयाः पूज्याना जुइ । अझ द्यः छकः पुज्यायेत बान्हि तक द्यांलानाः जुइपिं नं थन म्हो मजू । थ्व ला बुद्ध शिक्षा वा बुद्ध धर्म पक्का हे मखुत । जब व्यवहार हे बुद्ध शिक्षा कथं मजू धाःसा उम्ह मनू गुकथं बुद्धमार्गी जूवनी ?

थन सकसिनं थःथःगु कथंया संस्कार हनाच्वंगु दु । जन्मंनिसे मृत्यु तकया संस्कारयात परम्पराकथं नाला कयाच्वन । तर छु सकलें बुद्धमार्गीतय्सं बुद्ध शिक्षा कथं संस्कार हनाच्वंगु दु ला ? न्ह्यागु हे कथंया संस्कार हनेमाः सां भ्रीत ला, अय्लाः थ्वँ मदयेकं मगाः । मेगु ला छु खँ, सुयां मृत्यु जुल धाःसां तकं ला, अय्लाः, थ्वँ भ्वय् नयेमाः- नकेमाः । बुद्ध शिक्षा कथं स्वयेगु खःसा सुयातं घात यानाः ला नये मजिउ । अझ अय्ला, थ्वँ त्वनेगु ला झन् हे मजिउगु जुल । थुकथं बुद्धमार्गीतय्सं तकं शील स्यंकाः संस्कार हनाच्वंगु दु । थुकियात कथहं हना यंकाच्वंगु दु । थन तथागत बुद्धया अन्तिम वचनयात ल्वःमंकाच्वन । तथागतं धयाबिज्याःगु दु, 'संस्कार विनाशशील धर्म खः थुगु खँ थुइकाः अप्रमादी जुयाः जीवनया लक्ष्य सम्पादन या ।'

बुद्ध शिक्षा कथं मन सदां न्ह्यःने वनी । थ्वहे मनया वसय् लानाः मनूतय्सं नाना कथंया इच्छा व आकांक्षा तयाच्वनी । अले थम्हं यानागु इच्छा पूवन धाःसा थथे याये अथे याये धकाः द्यःपिनिगु भाकल नं यानाच्वनी । ज्याखँ ला खः, गन, गुबलय् गुथाय पूवनी धाये मफइ मखु । यदि उकथंया ज्याखँ पूवन धाःसा लिमलाः फमलाः द्यः याथाय् वनी । पुजा यायेत नं थःपिनि भाकल कथं खा, हँय्, दुगु ज्वनाः स्याये यंकी । थःपिं बुद्धमार्गी धाइपिंस नं वस्तुभाउ मज्वंसा नैक्याः तछ्यानाः वा ख्यँ स्यानाः जूसां भाकल पूवंकाच्वनी । तर मनया वसय च्वने मजिउगु धम्मपद व मेमेगु बौद्ध ग्रन्थय् न्ह्य्थनातःगु खँ बुद्धमार्गीतय्सं ल्वःमंका च्वन ।

थःपिन्त बुद्धमार्गी कथं नालाच्वंसा थः मस्तय्त बुद्ध शिक्षाया ज्ञान बीफुगु खने मदु । जब सु मचां इलय् हे बुद्धशिक्षा थुइका काये फइ मखु वं कन्हय् बुद्धशिक्षायात गुकथं समाजय् छ्यली ? बुद्धशिक्षायात समाजय् छ्यले उलि अःपु नं मजू । थ्व सत्य तथ्य खः । थन बुद्धधर्म स्वयां मेमेगु धर्मया किपां थाय् कयाच्वंगु दु । थन संस्कार परम्परा व रितिथितिइ छुं भचा हिउपाः हयेत स्वल धाःसा समाजं नागः तुगः याये धुंकी । अझ समाजयया मिखाय् धू तकं जूवनी । थुकिं यानाः समाजयात हाथ्या बीगु लँपुइ न्हयाः वने फइ मखु । अले थःगु मनं मखंसा छकः स्वाःल का धकाः हाकनं वहे ल्वाकः बुकः परम्परा व संस्कार हना छवइ थुलि मयाःसा थःगु इज्जत वंगु तायेकी थन हाकनं बुद्ध शिक्षा ध्याकुनय् लाःवनी ।

दकलय् न्हापा जुजु शुद्धोदनयात नं तथागत बुद्धया व्यवहारं थःगु इज्जत वंगु थें भान जूगु खः । अपायधंम्ह जुजुया काय् थःगु हे नगरय् छेँखापतिकं भिक्षाटन बिज्याःगु इलय् जुजुं गथे मन तये फइ ? थुगु घटनायात दकलय् न्हापा खंम्ह यशोधरा देवीया नं मन मच्वंगु खः । थःगु इज्जतय् घाःलाःगु तायेकाः शुद्धोदन जुजु ब्वाँय् वन । तथागत बुद्धया न्ह्यःने वनाः शाक्य (जुजु) वंशं थुकथं भिक्षा फ्वनाः नये मल्वःगु खँ न्ह्यथन । तर तथागतं थः



Downloaded from http://www.dhamma.digital

दिपंकरादि बुद्धपिनि पालंनिसेंया बुद्धवंश जूगु खँ न्ह्यथना बिज्यात । थन लुमंकेबहःगु खँ छु धाःसा यदि तथागत बुद्धं समाजं धाइ वा थःगु इज्जत वनी धकाः भिक्षाटन बिमज्याःगु जूसा वसपोल धाथें बुद्ध जुइ फइ ला ?

समाजय् जुइगु बांलाःगु बांमलाःगु न्ह्याथें जाःगु ज्या जूसां दकलय् न्हापां छम्हं हे न्ह्याइगु खः । तथागत बुद्धं नं दकलय् न्हापां याकःचां हे बुद्ध शिक्षा थुइका बिज्याःगु खः । अनं लिपा वसपोलया देशना कथं पंच भद्र वर्गीय भिक्षुपिंसं थुइका बिज्यात । थुकथं हे लिपा यशकुमार व वया प्यम्ह पासापिं नापं न्ययम्ह राजकुमार पिं नापं यानाः खुइम्ह प्रव्रजित भिक्षुपिं दुगु खः छम्हं खुइम्ह प्रव्रजितपिं दुगु खः । छम्हं खुइम्ह प्रव्रजितपिं दयेधुंका तथागत छम्हसित छपु छपु लँपुपाखे धर्म देशना याके बिज्यात । अनं लिपा तिनि सलंसः, द्वलंद्व, लखंलख मनू तयसं बुद्धशिक्षा थुइकूगु खः ।

थौ नं थन द्वलंद्वः मनूतयसं बुद्धशिक्षा थुइका कयाच्वंगु दु । बुद्धशिक्षा ग्रहण यायेगु तातुनाः न्हियान्हिथं विहारय् वनापिं, बुद्धपूजा यानाः भोजन याका जुइपिं नं म्हो मजू । धर्मदेशना न्यनाः मन नं याउँक लयतायेका च्वनी । थुकथं बुद्धशिक्षायात ध्वाथुइका काःसां बुद्ध संस्कार यात धाःसा व्यवहारय् छ्यले फुगु मदुनि । बुद्ध संस्कार धयागु सम्यक संस्कार खः । जब थुकियात व्यवहारय् छयलेगु खँ वइ, अले समाजं नं छगू न्ह्यसः तइ 'अथे खःसा चीवर पुनाः प्रव्रजित जूसा जि हे जिउ नि' तर बुद्धशिक्षा व सम्यक संस्कार हनेगु धयागु प्रव्रजितपिंसं जक खः ला ? बुद्धशिक्षाय् गृहस्थीपिंसं यायेमाःगु ज्याखँयात नं उलि हे बांलाक न्ह्यथनातःगु दु, बुद्धशासनय् भिक्षु भिक्षुणीपिंनाप उपासक उपासिकापिंत नं उलि हे थाय् बियातःगु दु । उकिं बुद्धशिक्षायात ध्वाथुइकाः जक मखु उकियात व्यवहारय् छ्यलाः न्ह्याः वने फःसा जक धाथें बुद्धया अनुयायी वा बुद्धमार्गी धकाः धाये फइ । थुकथं पलाः न्ह्याके फत धाःसा लिपाया जनगणनाय् बुद्धमार्गीतयसं नं निर्धक्क कथं थःपिं बुद्धधर्म माने याइपिं खः धकाः न्हाय् धस्वाके फइ । ❖

*( साभार- 'सन्ध्या टाइम्स्'*

*वि.सं. २०७१ कार्तिक १२ बुध बाः )*

# वर्षावास व कथिन विस्तर–छगू अध्ययन–७

✍ भिक्षु उपतिस्स

**कठिन अस्तरण यायगु विधि (तरिका) :**

संघ पाखें बिइगु कठिन चीवर ग्रहण याना काःम्ह भिक्षुं स्वपु चीवर मध्ये थःत ब्यूगु गुगु कठिन चीवर खः उगु चीवर वाक्यद्वारा अस्तरण यायेमाः । वर्षावास च्वंपिं निम्हं अप्वः स्वम्ह, प्यम्ह भिक्षुपिं मध्ये संघं योग्य जूम्ह भिक्षुयात कठिन चीवर बिइगु जुया न वर्षावास सिमधःतले त्रिचीवर अधिष्ठान यायफुपिं दु । अथेहे कठिन छन्हू न्ह्यवः धाःसा अनिवार्य त्रिचीवर अधिष्ठान यायेमाः । कठिन चीवर धाःगु त्रिचीवर मध्ये छपू चीवर जुइगु जुयाः संघाति, उत्तरासंग वा अन्तरवासक जुइ । थुपिं स्वपु मध्ये प्राप्त जुइगु गुगु चीवर खः, व कठिन चीवर जुइगुलिं अधिष्ठान यायेमाः । कठिन चीवर धाःगु त्रिचीवर मध्ये छपु चीवर जुइगु जुयाः संघाति, उत्तरासंग वा अन्तरवासक जुइ । थुपिं स्वपु मध्ये प्राप्त जुइगु गुगु चीवर खः व कठिन चीवर जुइगुलिं अधिष्ठान यानातःगु (स्वपु मध्ये छपु) यात पच्चुद्धरण याना (लिकना/तोता) प्राप्त जूगु कठिन चीवरय् कप्पबिन्दु तयेमाः । कठिन चीवरया निमित प्राप्त जूगु अन्तर वासक जूसा न्हापा अधिष्ठान यानातःगु अन्तरवास पच्चुद्धरण यानाः प्राप्त जूगु व न्हूगु अन्तरवासक (कठिन चीवर) य् कप्पबिन्दु तया अस्तरण यायेमाः । कठिन चीवरया निम्ति अन्तरवासक, उत्तरासंग व संघाति मध्ये गुगु चीवर प्राप्त जूगु खः व अनुसार अधिष्ठान यानातःगु पुलांगु चीवर पच्चुद्धरण यानाः प्राप्त जूगु न्हूगु कठिन चीवरय् कप्पबिन्दु तया अस्तरण यायेमाः । थौंकन्हे दातापिन्सं कठिनं चीवरया निमित्त धका आपालं उत्तरासंग बिइगु दु ।

**कप्पबिन्दु तयेगु वाक्य :**

*अन्तरवासक जूसा :*

***इदं अन्तरवासकं कप्पबिन्दुं करोमि*** *(स्वक्वः) ।*

*उत्तरासंग जूसा :*

***इदं उत्तरासंग कप्पबिन्दुं करोमि*** *(स्वक्वः) ।*

*संघाति जूसा :*

***इदं संघातिं कप्पबिन्दुं करोमि*** *(स्वक्वः) ।*

**अस्तरण यायेगु वाक्य :**

***इमाय संघातिया कठिनं अत्थरामि*** *(स्वक्वः)*

***इमिना उत्तरासंगेन कठिनं अत्थरामि*** *(स्वक्वः)*

***इमिना अन्तरवासकेन कठिनं अत्थरामि*** *(स्वक्वः)*

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



**स्व. गङ्गादेवी तुलाधर**
*बुदिं- वि.सं. १९९३ असार २८ गते*
*दिवंगत- वि.सं. २०७० श्रावण २६*



**स्व. सानुमैंया ताम्राकार**
*बुदिं- वि.सं. १९८८ पौष २४ गते, सोमवार*
*दिवंगत- वि.सं. २०७० माघ १५ गते, बुधवार*



**स्व. सुर्जमाया तुलाधर**
*बुदिं- वि.सं. १९८६ असार २७ गते, बुधवार*
*दिवंगत- वि.सं. २०७० चैत्र १६ गते, आइतवार*



**स्व. हेराशोभा तुलाधर**
*बुदिं- वि.सं. १९९२ जेठ ६ गते, आइतवार*
*दिवंगत- वि.सं. २०७१ आश्विन ६ गते, सोमवार*



**स्व. महेन्द्रमान तुलाधर**
*बुदिं- वि.सं. २०२० मंसीर ७ गते, शनिवार*
*दिवंगत- वि.सं. २०७१ भाद्र १४ गते, शनिवार*



**स्व. हिरादेवी तुलाधर**
*बुदिं- वि.सं. १९८२ मंसीर*
*दिवंगत- वि.सं. २०६८ जेठ*



**स्व. लक्ष्मीनानी तुलाधर**
*बुदिं- वि.सं. १९८० आश्विन*
*दिवंगत- वि.सं. २०६७ भाद्र*

बुद्ध धर्म प्रति अति श्रद्धावान्‌पिं, मिलनसार धर्मपासापिं नापनापं लक्ष्मीनानी न्यत पुचः धर्मकीर्ति विहारया द्वजः जुयादीपिं गंगादेवी तुलाधर, सानुमैंया ताम्राकार, सुर्जमाया तुलाधर, हेराशोभा तुलाधर, महेन्द्रमान तुलाधर (लक्ष्मीनानी न्यतया काय्), हिरादेवी तुलाधर व लक्ष्मीनानी तुलाधर दिवंगत जुयादिल । वय्‌कःपिनि पारलौकिक जीवन सुखमय ज्वीमा, निर्वाण सम्पत्ति प्राप्त ज्वीगु हेतु याकन हे चूलायमा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

**लक्ष्मीनानी न्यतपुचः धर्मकीर्ति**
**धर्मकीर्ति विहार, श्रीघः नघः यैं**



Downloaded from http://www.dhamma.digital

# Buddhist Insight Meditation

**( New Edition of Sanghanayaka Bhikshu Ashwaghosh Mahasthavira )**

✍ **Presentation by Translator**

It is my pleasure to have the opportunity of translating Buddhist Religious (Dharma) Books from Nepali into English. Ven. Bhikshu Ashwaghosh Mahasthavira, the Present Sangha Nayaka of Nepal has written over 100 books in Nepali and Nepal Bhasha (Languages) to disseminate the teachings of the Buddha among the Nepali people in general. Almost many people and readers who respect him highly understand the way of his writing and admire his sermons he has delivered. Along with the growing age of the Venerable Sir, many of his books have also seemed old and decaying.

It is an effort that I am putting forth by translating his priceless books into English to prolong the life span, and intending to impart his understanding and wisdom among common people to satisfy their growing interest in learning practical Buddhism. Certainly,many readers including English speaking people could find out valuable and practical instructions on meditation for their peaceful living in their respective society. I have just recently translated **"Kashanti ra Maitri"** of the same author into English naming **"Patience and loving Kindness"** and published by myself. I think many readers must have seen me through reading the first translated book as mentioned above. "Buddhist insight Meditation" is my second translation experience. I am grateful to the Venerable Sir for the given permit for translation works.

I belive this book will generally benefit those who show their keen interest in learning Buddhism and practicing meditation - the heart teaching of Lord Buddha as well, as guided by Kalyan Mitra sri satya Nayrayan Goenka who has passed away just a year ago. I hope this book will also provide necessary instructions as a meditation guide book.

This book was compiled and edited by the Venerable. Ashwaghosh Mahasthavira in BS 2029 (1972 AD) Not so long ago that I have found out an old Nepali version of this book from the storeroom of Sangharam and in no time, I made up my mind to make it a new version by translating into English. This is how it come to you as a meditation guide book besides disseminating the teachings of the Buddha.

**Ven. Bhikshu Ashwaghosh Mahasthavira,** the initial editor and publisher of this book has completed his 88th birth day on May 18th 2014. However the Venerable looks as if physically deteriorating; it is great that he still work out diligently on his own will. we would like to wish him a trouble-free life together with peace and happiness. By the blessing of the Triple Gem may he enjoy good health and live long ! ❖

**धर्मकीर्ति पब्लिक इमेज कमिटीको सूचना! सूचना!!**

धर्मकीर्ति पब्लिक इमेज कमिटीले प्रकाशन गरेको "अभिधम्म देशना" सि.डि. (भिक्षुणी धम्मवतीबाट प्रवचन भएको) दोश्रो संस्करणको रुपमा पुनः प्रकाशन भएको जानकारी गराइएको छ।

**धर्मकीर्ति पब्लिक इमेज कमिटी**

**धर्मकीर्ति विहार**

श्रीघः नघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार — समाचार

# बुद्ध मूर्ति अनावरण




*बुद्ध मूर्ति अनावरण पश्चात् बुद्ध पूजा गर्नुहुँदै गुरुमांहरू*



*बोसी गाउँमा अनावरण गरिएको ठूलो बुद्धमूर्ति*

*२०७१ कार्तिक २९ गते, शनिवार*
*स्थान- बोसिगाउँ, काठमाडौं*

यसदिन शाक्यमुनी बुद्ध संरक्षण समिति बोसी गाउँको आयोजनामा सञ्चालित एक कार्यक्रममा ठूलो बुद्ध मूर्ति अनावरण गरिएको छ। स्थानिय ठूलो पिपल वृक्ष मुनि स्थापना गरिएको उक्त बुद्ध मूर्ति ज्ञाणशीला गुरूमांले अनावरण गर्नुभएको थियो। बुद्ध मूर्ति अनावरण पश्चात् बुद्ध पूजा र परित्राण पाठ गरिएको उक्त कार्यक्रम शाक्यमुनी कीर्ति विहारकी प्रमुख पुण्यवती गुरूमांले सञ्चालन गर्नुभएको थियो। उक्त कार्यक्रममा वीर्यवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा बुद्ध मूर्ति स्थापनाको लागि आवश्यक सहयोग गर्नुभएका सहयोगी दाताहरूलाई समितिको तर्फबाट प्रशांसापत्र सहित खादा ओढाई सम्मान गरिएको थियो। सो पश्चात् कार्यक्रममा उपस्थित हुनभएका गुरूमांहरूलाई दान प्रदानका साथै भोजन दान गरिएको थियो। यसको साथै उक्त कार्यक्रममा उपस्थित हुनुभएका सबैलाई जलपान भोजनको व्यवस्था मिलाइएको थियो।

## कथिनोत्सव सम्पन्न

*२०७१ कार्तिक १७ गते, सोमवार।*

नगदेश ठिमी र सुगतपुर विहार त्रिशुलीमा कथिन चीवर दान विषयमा समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार मध्यपुर ठिमी नगर-६ स्थित नगदेश बुद्ध विहारमा श्रद्धेय भिक्षु राहुलले वर्षावास पूरा गर्नुभएको उपलक्ष्यमा महान कथिनोत्सव समारोह सम्पन भएको थियो।



Downloaded from http://www.dhamma.digital

श्रद्धेय, भिक्षु बोधिसेन महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त समारोहमा श्रद्धेय भिक्षु कोलितले धर्मोपदेश गर्नुभएको थियो ।

सो पश्चात् दाता कृष्ण भक्त / रत्न केशरी हाँयजुको तर्फबाट भिक्षु महासंघलाई कथिन चीवर दान गर्नुभएको थियो । त्यसपछि श्रद्धेय भिक्षुसंघलाई १६३ जना उपासको पासिकाहरूको तर्फवबाट १६३ जोर अष्टपरिष्कार दान गरिएको थियो ।

कार्तिक १६ गते आईतवार त्रिशुली स्थित सुगतपुर विहारमा भिक्षु रेवतकीर्तिले वर्षावास पूरा गर्नुभएको उपलक्ष्यमा प्रूरुषोत्तम / प्रदीप शाक्य लगायत विहारका अन्य उपासकोपासिकाहरूको संलग्नतामा भिक्षु महासंघलाई कथिन चीवर दान गरिएको थियो । सोहीदिन भिक्षु महासंघलाई ४२ जना दाताहरूले ४२ जोर अष्टपरिष्कार दान गरिएको थियो ।

श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रम भिक्षु भद्दियले संचालन गर्नुभएको थियो ।

## नरः बुद्ध विहार, हाँडिगाउँमा बुद्ध पूजा र धर्मदेशना

*२०७१ साल कार्तिक १ गते, शनिवार*

विश्व शान्ति विहारका श्रद्धेय जनक भन्तेले शील प्रार्थना गराउनु भई बुद्ध पूजा पछि बुद्धलाई पुष्प पूजा गर्दा भनिने गाथाको अन्तिम हरफलाई व्याख्या गर्नुहुँदै धर्मदेशना गर्नु भयो । उक्त गाथा यस प्रकार छ ।

**पुप्फं मिलायाति यथा इदंमे कायो तथायाति विनास भावं ।**

*अर्थ–* जसरी फुलहरू ओइलाएर जान्छ त्यसरिनै हाम्रो शरीर पनि विनास भएर जान्छ ।

मल मुत्र फोहरले भरिएको यो शरीरलाई जति सुमसुमाए पनि जीर्ण भई छोडेर जानु पर्ने र मरण पछि धर्म र पाप मात्र लिएर जान पाईने धन सम्पत्ति सबै छोडेर जानु पर्ने हुन्छ । लिएर जान पाईने धर्म कसरी संचय गर्ने भन्ने कुरामा निरन्तर ध्यान दिनु पर्ने हुन्छ । धर्म संचय गर्नलाई तीन वटा साधनलाई अपनाउनु पर्ने कुरामा भन्तेले उपदेश दिनु भयो । लोभ र आशक्तिलाई हटाएर त्याग र करूणालाई बृद्धि गरी आफूसंग भएको धन सम्पत्ति दान दिनु ठूलो धर्म हो । प्राणी हिंसा नगर्ने, चोरी नगर्ने इत्यादि गर्नु नहुने काम नगर्ने तथा ठूलालाई आदर गौरव राख्ने, दीन दुःखीलाई सहयोग गर्ने, मैत्री भाव राख्ने इत्यादि गर्नु पर्ने कामहरू गर्नेलाई शील पालना गर्ने भनिन्छ । शील पालन गर्नु नै धर्मको भण्डारलाई हात पार्नु हो । धर्मको अर्को: स्रोत हो – भावना । हाम्रो मन साह्रै खराब छ र नराम्रो काममा अगि सर्दछ र राम्रो काममा जाँगर लाग्दैन । यसरी मनको स्वभाव बझ्नु र चित्त मयल हटाई मन शुद्ध गर्नु लाई भावना भनिन्छ । भावना गर्ने तरिकालाई सिक्न ध्यान केन्द्रमा कम्तिमा एक दुई पटक जानलाई भन्तेले सुझाउ दिनु हुँदै धर्म देशना अन्त गर्नु भयो । उपासक श्री श्यामलाल चित्रकारले विहार तर्फबाट भन्तेलाई कृतज्ञता र उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

## दिनभर महापरित्राण पाठ सम्पन्न

युवक बौद्ध मण्डल, नेपालको आयोनामा बुद्ध सम्बत् २५५९ औं (२५३४–२५५९) बुद्ध जयन्ति रजत महोत्सवको उपलक्ष्यमा पूज्य भिक्षु महासंघबाट विश्व शान्ति कामनार्थ पवित्र महापरित्राण पाठ सम्पन्न गरिएको छ । मिति २०७१ मंसीर १३ गते, शनिवारका दिन सम्पन्न गरिएको उक्त कार्यक्रम पाटन दरवार स्क्वायर मंगलबजार, ललितपुरमा सञ्चालन गरिएको थियो ।

युवक बौद्ध मण्डल देखि मंगलबजारस्थित महापरित्राण मण्डपसम्म बाजा सहित बुद्धमूर्ति शोभा यात्रा गरिसकेपछि शील प्रार्थना र बुद्ध पूजा गरिएको उक्त कार्यक्रममा युवक बौद्ध मण्डलका अध्यक्ष शोभा शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

भिक्षु बोधिसेन महास्थविरले उद्घाटन गर्नुभएको उक्त कार्यक्रम सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री दीपकचन्द्र अमात्यको विशेष अतिथित्त्वमा सञ्चालन गरिएको थियो । कार्यक्रममा थाई राजदूत, श्रीलङ्कन राजदूत र पर्यटन मन्त्री श्री दीपकचन्द्र अमात्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । यसरी नै भिक्षु कोण्डञ्ञले धर्म निर्देश गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा संयोजक सुश्री अरणीतारा बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

भिक्षु महासंघबाट सामूहिक महापरित्राण पाठ गरी शुभारम्भ गरिएको उक्त महापरित्राण पाठ दिनभर निरन्तर रुपमा सञ्चालन गरी भिक्षु भिक्षुणी संघलाई भोजन दानका साथै दानप्रदान गरिएको थियो । कार्यक्रममा उपस्थित सबै महानुभावहरूलाई पनि भोजनको व्यवस्था मिलाइएको थियो । भिक्षुसंघलाई अष्टपरिस्कार दान पश्चात् पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## कन्नयूर पाठ सम्पन्न

*२०७१ मार्ग १४ आइतवार देखि १८ गते विहिवारसम्म स्थान- कीर्तिपुर, परम्परा साधना प्रविधि द्विप विहार, देवढोका*

विश्व बौद्ध भातृत्वसंघ नेपाल क्षत्रिय केन्द्र तथा राष्ट्रिय बौद्ध संस्था धर्मोदय सभा स्थापना भएको ७० वर्ष पूरा भई ७१ वर्ष प्रवेश गरेको सुखद् अवसरमा बौद्ध धर्मको महायान निकायको पवित्र ग्रन्थ "कन्नयूर पाठ" वाचन ५ दिनसम्म सम्पन्न भएको समाचार छ । धर्मोदय सभा बुद्ध विहार, भृकुटीमण्डपको आयोजनामा सञ्चालिन उक्त पाठ मंसीर १४ गते देखि १८ गतेसम्म कीर्तिपुरमा सम्पन्न भएको थियो ।

बुद्धपूजा र धर्मदेशना पनि भएको उक्त कार्यक्रममा श्रद्धेय भिक्षु भिक्षुणीहरू लगायत कार्यक्रममा उपस्थित सबै महानुभावहरूलाई भोजन एवं जलपानको व्यवस्था पनि गरिएको थियो ।

## दिनभर मैत्री सूत्र पाठ सम्पन्न

*स्थान- किम्डोल विहार, निर्वाणमूर्ति, स्वयम्भू*

यसदिन निर्वाण मूर्ति किम्डोल विहारले दिनभर मैत्रीसूत्र पाठ कार्यक्रम सम्पन्न गरिएको छ । दिवंगत हुनुभएका समस्त प्राणीहरूको लागि सुगति एवं निर्वाण सुखको कामना गर्नुकासाथै देशमा सुख शान्तिको कामनागरी सञ्चालित उक्त कार्यक्रममा भिक्षुणी गुरुमांहरूको तर्फबाट मैत्रीसूत्र पाठ गरिएको थियो । वर्षेनी यही दिन सञ्चालन गर्दै आएको यस कार्यक्रममा निमन्त्रित भिक्षुणी गुरुमांहरू लगायत उपस्थित उपासको पासिकाहरूलाई जलपान र भोजनको प्रायोजन गरिएको थियो । कार्यक्रमको अन्त्यमा दिवंगत व्यक्तिहरूको पुण्यस्मृतिमा पुण्यानुमोदन गरिएको थियो ।

## "गुलुपाः" सफू उलेज्या

गुलुपाः रत्न या नामं नांजाःम्ह भाजु जीवरत्न स्थापित पाखें गुलपाः दानया पक्षयात कःघानातःगु किपाः सहितया थीथी च्वमिपिनिगु च्वसु, चिनाखँ, जाःगु गुलुपाः स्मारिका सफू प्रकाशन यानादीगु दु । ने.सं. ११३४ कौलागा तृतीया खुन्हु बुद्ध विहारय् मू पाहाँ संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर जुं उगु सफूया उलेज्या याना विज्याःगु खँ प्राप्त बुखँय उल्लेख जुयाच्वंगु दु ।

प्राप्त बुखँ अनुसार मूपाहाँ भन्तेनं गुलुपाः धयागु सिद्धार्थ गौतमं निसें, श्रावक पिसं नं ग्रहण याना बिज्याःगु व थःगु जीवन यापनया निंत्ती मदय्क मगाःगु थल, बुद्ध शासनले गुलुपाःया थःगु हे मू म्हसिका दुगु बुद्ध शासनया जग बसे जुयाच्वगु थ्व हे स्थिरगु गुलुपा खः धयाबिज्यात ।

अथेहे बुद्ध विहारया प्रमुख भिक्षु कौण्डञ्ञं दाता जीवरत्न स्थापितया गुलपाः दान ज्याभ्वः च्वछ्यायबहः जूगु व गुलुपाया संरक्षण ज्वीमाःगु खँ व्यक्त यानाबिज्यात ।

बौद्ध विद्वान प्रा. सुवर्ण शाक्यजुं गुलुपाः धयागु हे श्रद्धां ब्यूगु वस्तु फया कायगु पवित्रथल ख ? धया दिल । अष्टमुनि गुभाजुं न्ह्याकादीगु उगु ज्याभ्वले दाता जीवरत्न स्थापितया जीवनी नं न्ह्यब्वःगु खः ।

ज्याभ्वःया सभापति बौद्ध विद्वान भाजु नरेश वज्राचार्यजुं स्मारिकाय् दुथ्याना च्वंगु लेख, रचना, विषयलय् थःगु नुगः खँ प्वंकादिल ।

भाजु सिद्धि रत्न शाक्य भिक्षुं सुभाय् बियादीगु उगु ज्या भ्वलय् थीथी विद्वानतय्गु उपस्थिती दुगु खः ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



## दिवंगत मायादेवी तुलाधर

*जन्मः २००६ पञ्चमी असार – दिवंगतः २०७१ असार १७ चौथी*

धर्मकीर्ति ज्ञानमाला भजनकी सदस्य श्रीमती मायादेवी तुलाधरको असामयिक निधन भएकोले हामी दुखित छौं । बुद्ध धर्म र ज्ञानमाला भजनप्रति समर्पित हुनुभएकी उहाँलाई सुगति सहित निर्वाणको लागि हेतु प्राप्त होस् भनी मैत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार श्रीघः नघः**



Downloaded from http://www.dhamma.digital

**लुम्बिनीमा सम्पन्न "अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन-२०१४"** ... ...

बेलूका प्रा. रविन कनिंधमबाट लुम्बिनीमा भएका उत्खनन् कार्यहरूबारे स्लाइड प्रदर्शनका साथै विस्तृत विवरण प्रस्तुत भयो । र प्रश्नोत्तरको क्रममा उहाँको विभिन्न रोचक घटनाहरू पनि सुनाउनु भयो । जसमध्ये लुम्बिनी उत्खनन् कार्यमा प्रयोग गरिएका 'भू-भौतिकी प्रविधि 'अन्तर्गत तीन प्रकारको विधि अपनाईएको कुरामाथि प्रकाश पार्नु हुँदै उक्त बिधिबाट जमीन भित्रका प्राचीन संरचनालाई दुरूस्त उतार्न सकिने तर जमीन उत्खनन् गर्न नपर्ने हुँदा जनशक्ति, धन एवं समयको बचत हुने र एउटा कीरापनि नमरिने हुनाले अत्यन्तै व्यावहारिक भएको कुरालाई प्रष्ट्याउनु भएको थियो । उक्त कार्यक्रममाथि टिप्पणी गर्नु हुँदै सयादो ऊ ञाणिस्सर बाट लुम्बिनीमा बुद्ध जन्मस्थल पत्ता लगाए जस्तै ईसा, महम्मद, कृष्ण आदि महापुरुषहरूको पनि जन्मस्थल पत्ता लगाउन पुरातत्त्वविद्हरूलाई आह्वान गर्नुभयो र लुम्बिनी लगायत ती सबै स्थलहरू सम्बन्धित धर्मावलम्बीहरूको मात्र नभई सम्पूर्ण विश्व जनमानसको सम्पदा भएको कुरा बताउनु भयो ।

मंसीर १ गते बिहानी सत्र निर्णय तयार पार्नमा व्यतित भयो भन्ने दिवासत्रमा घोषणा पत्र जारी गर्दै सम्मेलनको विधिवत समापन गरियो । सो अवसरमा सयादो ऊ ञाणिस्सबाट सम्मेलनका सहआयोजक थेरवाद बुद्धिस्ट एकेडेमी लगायत सम्पूर्ण सहभागी, व्यवस्थापक, स्वयंसेवक एवं हितैषी महानुभावहरूको सहयोग तथा सद्भावलाई प्रशंसा गर्नुभयो । धन्यवाद ज्ञापन आयोजक समितिका भिक्षु निग्रोधबाट भएको थियो ।

साँझ किकिंपा साँस्कृतिक समूह, भक्तपुर र सोरठि नृत्य समूह, मलवारी, भैरहवाका कलाकरहरूबाट साँस्कृतिक नृत्यहरू प्रस्तुत गरेका थिए ।

मंसीर २ गते अन्तर्राष्ट्रिय प्रतिनिधिहरूलाई लुम्बिनी क्षेत्र लगायत कपिलवस्तुका पुरातात्विक स्थलहरूको स्थलगत भ्रमण गराईएको थियो ।

स्मरण रहोस् सो सम्मेलन सम्पन्न गर्नका लागि सयादो ऊ ञाणिस्सरको प्रमुख संरक्षकत्व एवं डा. ज्ञानपूर्णिक महास्थविरको आयोजकत्वमा ३४ सदस्यीय केन्द्रिय आयोजक समिति, २४ सदस्यीय कार्य समिति र १८ सदस्यीय चारवटा उपसमितिहरू गठन भएका थिए ।

• *सम्मेलनमा 'धर्मकीर्ति' को सहभागीता –*

*विशेष आमन्त्रित* – **धम्मवती गुरूमां**

*कार्यपत्र प्रस्तुति* – **डा. सुमन कमल तुलाधर** *(माइन्ड ट्रेनिंग एण्ड बुद्धिस्ट एडुकेशनफर चिल्ड्रेन)*

- **डा. रीना तुलाधर** *(नन अर्डर इन थेरवाद बुद्धिजम्)*
- **मदनरत्न मानन्धर** *(विपश्यना मेडिटेशन एज अ बुद्धिष्ट कल्चर)*

*सहजकर्ता* – **गुरूमांहरू क्षान्तिवती, सुवण्णवती** र **वण्णवती**

*आवास तथा खाद्य संयोजक* – कोषाध्यक्ष, **अजय रत्न स्थापित**

*संचार संयोजक* – **का.स. नविन चित्रकार**

*प्रकाशन संयोजक* – **का.स. मदन रत्न मानन्धर**

*स्वयंसेवक सेवा* – **सुमित्रा तुलाधर, राम कुमारी मानन्धर**

*सहभागीता* – **गुरूमांहरू दानवती, श्रद्धाचारी, द्रव्यमानसिंह तुलाधर, रोशनकाजी तुलाधर र इन्द्रकुमार नकर्मी, हसन वज्राचार्य ।** ❖

*प्रस्तुति- मदन रत्न मानन्धर, धर्मकीर्ति*

## अल्पकालिन दुर्लभ प्रव्रज्या बारे सूचना !

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले वर्षेनी आयोजना गर्दै आइरहेको अल्पकालिन दुर्लभ बाल प्रव्रज्या शिविर सञ्चालन हुँदैछ । यस शिविरमा बाल-बालिकाहरूलाई श्रामणेर र ऋषिनी प्रव्रज्या गरिनेछ ।

*स्थान :* **रत्न विपश्यना विहार**, सानो भऱ्याङ्ग, स्वयम्भू

*मिति :* २०७१ **पौष** १५ **देखि** २१ गतेसम्म

*फर्म बुझाउने अन्तिम मिति :* २०७१ **पौष ५ गते, शनिवार**

*सम्पर्क :* **त्यागवती गुरुमां, इन्दावती गुरुमां, धर्मकीर्ति विहार**, श्रीघः नघः, काठमाडौं । फोन: ४२५९४६६

**अमीर कुमारी शाक्य – ९८४१५५५५६१**

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

## धर्मकीर्ति विहार — गतिविधि

### पुनःनिर्मित धर्मकीर्ति विहारको वार्षिक उत्सव सम्पन्न

*२०७१ मंसीर ६ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन पुनः निर्मित धर्मकीर्ति विहारको वार्षिक उत्सव कार्यक्रम सम्पन्न गरिएको थियो। दाता द्रव्यमान सिं, वसुन्धरा तुलाधर सपरिवारको तर्फबाट आयोजित यस कार्यक्रममा निमन्त्रित भिक्षुसंघ एवं भिक्षुणी गुरूमांहरूको तर्फबाट सामूहिक परित्राण पाठ गरिएको थियो। यसरी नै गणमहाविहारका प्रमुख भिक्षु शोभितले धर्मदेशना गर्नु भएको थियो। सो पश्चात् भिक्षु भिक्षुणी संघलाई दाता परिवारको तर्फबाट दान प्रदान गर्नुका साथै भोजन दान पनि गरिएको थियो।

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) हिरादेवी तुलाधर, न्यूरोड, काठमाडौं – रु. ५,०००/-
२) गौरी शङ्कर मानन्धर, बनेपा – रु. १,५००/-
३) आसना बज्राचार्य, विशालनगर – रु. १,०००/-
४) केशचन्द्र शाक्य, बनेपा-१० – रु. ५००/-
५) बुद्धभक्त रन्जित, बनेपा – रु. ५००/-
६) लक्ष्मीचन्द्र बज्राचार्य, भक्तपुर – रु. ५००/-
७) प्रेमज्योति शाक्य, बनेपा-१० – रु. ३००/-
८) अशोकरत्न शाक्य, तुयुलक्ष्मी शाक्य, बनेपाबाट खाद्यान्न प्रदान।


**❀ आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

१५) श्रृजना बहुउद्देश्यीय सहकारी संस्था लि., बनेपा – रु. १५,०००/-

**"आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जसले दण्डद्वारा हिंसा पीड़ा दिन्छ, त्यसले परलोकमा सुख पाउँदैन।"**
**"आकाश, समुद्र तथा पर्वतको गुफामा जहाँ गएर बसे तापनि आफूले गरेको पापको फलबाट बच्न सकिँदैन।"**
**– बुद्ध शिक्षा**

## धर्म प्रचार — समाचार

### श्रीलंकाका राष्ट्रपतिबाट लुम्बिनी भ्रमण



अठारौं सार्क शिखर सम्मेलनमा भाग लिन नेपाल आउनु भएका श्रीलंकाका राष्ट्रपति महिन्दा राजापाक्षले मंसिर ९ गते मंगलवार लुम्बिनी भ्रमण गर्नु भएको समाचार छ।

सिद्धार्थ कुमार जन्मनुभएको पवित्र स्थान मायादेवी मन्दिर दर्शन गरे पश्चात् उहाँले लुम्बिनीमा सञ्चालित अन्य विभिन्न कार्यक्रमहरूमा पनि सहभागी हुनुभएको थियो।

प्राप्त समाचार अनुसार साढे १ करोड रुपैयाँको लागतमा श्रीलंका सरकारको सहयोगमा निर्मित एक पूल र ७ करोड २० लाख रुपैयाँको लागतमा श्रीलंका सरकारबाटै निर्मित एक आराम गृह पनि उहाँले नै उद्घाटन गर्नुभएको थियो।

यसरी नै लुम्बिनी परिसर भित्र श्रीलंका सरकार बाट निर्मित विहार भ्रमण गर्नुका साथै लुम्बिनी बुद्धिष्ट विश्वविद्यालयमा पनि भ्रमण गर्नुभएका श्रीलंकाका राष्ट्रपति राजापाक्षलाई लुम्बिनी भ्रमणको क्रममा लुम्बिनी विकास कोषको तर्फबाट उपाध्यक्ष आचार्य कर्मा साङबो शेर्पा र युवा तथा खेलकूद मन्त्री पुरुषोत्तम पौडेलले अभिनन्दन गर्नुभएका थिए।

### Leadership तालिम सम्पन्न

*२०७१ कार्तिक २२ गते, शनिवार।* यसदिन इचंगु गा.वि.स.का महिलाहरूलाई शाक्यधिता नेपालले Leadership तालिम दिइएको समाचार छ। प्राप्त समाचार अनुसार शाक्यधिता नेपालका सचिव इन्दावती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई उर्मिला ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा शाक्यधिता नेपालमा सदस्य अनुपा श्रेष्ठले सहभागी महिलाहरूलाई उक्त तालिम दिनुभएकी थिइन् भने सदस्य कृष्णेश्वरी हाडाले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

मुद्रक: न्यू नेपाल प्रेस *प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
*सम्पर्क कार्यालय:* शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY





लुम्बिनीमा आयोजित अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन उद्घाटन गर्नुहुँदै राष्ट्रपति रामवरण यादव


वर्ष-३२; अङ्क-८

बु.सं. २५५८, योमरी पुन्हि


Downloaded from http://www.dhamma.digital

# लुम्बिनीमा सम्पन्न "अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन-२०१४" एक नजर



*सम्मेलनमा भाग लिनुहुँदै धम्मवती गुरुमां*

सितागु इन्टरनेशनल बुद्धिस्ट एकेडेमी, बर्माका श्रद्धेय भिक्षु डा. सितागु सयादो ऊ ञाणिस्सरज्यूको सक्रियता एवं थेरवाद बुद्धिस्ट एकेडेमी, नेपालका श्रद्धेय भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरज्यूको सह-संयोजनमा गत २०७१ साल कार्तिक २९ गते देखि मंसिर २ गते सम्म बुद्ध जन्मस्थल लुम्बिनीका 'अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन' भव्यताका साथ सुसम्पन्न भयो ।

"बौद्ध संस्कृति तथा सम्पदाको सम्बर्द्धन, संरक्षण र सुरक्षा"को मूल नाराका साथ सम्पन्न सो सम्मेलनको उद्घाटन राष्ट्रपति डा. रामवरण यादवबाट कार्तिक २९ गते लुम्बिनी स्थित म्यानमार बिहारको चूलामणि चैत्य प्रांगणमा भएको थियो । ३० वटा राष्ट्रका करिब १५० प्रतिनिधि सहित विभिन्न देशका राजदूतहरू, युनेस्को का प्रतिनिधि, स्थानीय सांसदहरू लगायत करिब १,००० जनाको सहभागीता रहेको सो उद्घाटन समारोहमा डा. ज्ञानपूर्णिक महास्थविरबाट स्वागत भाषण, सितागु सयादोबाट शुभारम्भ भाषण गर्नु भएको थियो भने गणतन्त्र म्यानमारसंघका राष्ट्रपति ऊ थेन सेनबाट प्राप्त शुभकामना सन्देश त्यहिंका धार्मिक मन्त्रीबाट वाचन गर्नुभएको थियो । सो अवसरमा उपप्रधान मन्त्री प्रकाशमान सिंह, संस्कृति मन्त्री दीपक चन्द्र अमात्यबाट पनि शुभकामना मन्तव्य प्रकट गर्नुभएको थियो ।

सोही दिन प्लेनरी (पूर्ण) सत्रमा तीनजना विद्वानहरू- बेलायतका प्रा. रविन कनिंधमले 'लुम्बिनीका बौद्ध सम्पदाहरू' बारे, श्रीलंकाका प्रा. असंग तिलकरत्नेले 'बौद्ध संस्कृति' बारे र थाइलैण्डबाट पाल्नु भएका नेपाली भिक्षु डा. सुगन्धले 'बौद्ध शिक्षा पद्धति' बारे मूख्य भाषण गर्नु भएको थियो। जसको सभापतित्त्व गर्नुभएको थियो अक्सफोर्ड विश्वविद्यालयका भिक्षु डा. खमाइ धम्मसामीले ।

तत्पश्चात शुरू भएको समानान्तर (पारालल) सत्रमा 'विश्वका बौद्ध सम्पदा' लगायत चारवटा मूल बुँदाहरू माथि तयार पारिएका २० वटा कार्यपत्रहरू प्रस्तुत भए। तिनमा विदेशी विद्वान १७ जना र नेपाली विद्वानहरू ३ जना थिए ।

कार्तिक ३० गते सोही चारवटा मूल बुँदाहरू लगायत "लुम्बिनीमा वातावरणीय संरक्षण" विषय समेत गरी पाँचवटा मूल बुँदाहरू माथि तयार पारिएका ७० वटा कार्यपत्रहरू मध्ये विदेशी ३५ जना र स्वदेशी ३५ जना विद्वानहरूबाट प्रस्तुत भए। ती कार्य पत्रहरूको प्रस्तुति म्यानमार धम्महल, श्रीलंका विहार र महाबोधी विहारमा भएका थिए ।

*( बाँकी अंश पछाडि कभरको भित्री पेजमा )*

Downloaded from http://www.dhamma.digital
FINAL
( front cover inside page )